
का.जि.प्र.का.द.नं. १००/०५९/६०
२ वैशाख २०८२,
मंगलबार
15 April, 2025
Tuesday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २३, अंक ७२ । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# अस्थिरताका कारक !



■ विष्णु पन्थी
विश्लेषक

*कहिले नेपाली कांग्रेससँग र कहिले नेकपा एमालेसँग मिलेर निरन्तर सरकारमा रहेको माओवादी केन्द्र अहिले चरम छटपटीमा देखिन्छ*



**जीवन शर्मा/मध्यान्ह**
काठमाडौं, १ वैशाख ।

करिब १८ वर्षदेखि सत्ता राजनीतिमा निरन्तर हालिमुहाली गर्दै आएका पूर्वप्रधानमन्त्री एवं नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' सत्ता राजनीतिका चतुर खेलाडी र अस्थिरताका सशक्त पात्रका रूपमा देखापरेका छन् ।

संसदीय राजनीतिलाई 'खसीको टाउको देखाएर कुकुरको मासु बेच्ने थलो'को उपमा दिँदै आएका तत्कालीन विद्रोही नेता प्रचण्ड सोही संसदीय व्यवस्थामा सत्ताका सबैभन्दा भोका र अस्थिर राजनीतिक खेलाडी बनेर निस्किएका हुन् ।

१० वर्षे सशस्त्र द्वन्द्वपश्चात् शान्ति प्रक्रियामार्फत संसदीय राजनीतिमा आएका उनी २ असार २०६३ मा प्रधानमन्त्री निवास बालुवाटारबाट सार्वजनिक भएका थिए । १ माघ २०६३ मा अन्तरिम संविधान जारी भएसँगै पहिलो पटक सरकारमा सहभागी भएको माओवादीले हालसम्म ४ पटक सरकारको नेतृत्व गऱ्यो भने १०औं पटक महत्त्वपूर्ण जिम्मेवारीसहित सरकारमा सहभागी भएको छ ।

१० वर्षमा आर्थिक समृद्धिका रूपमा नेपाललाई स्विट्जरल्यान्डको हाराहारीमा पुऱ्याउने उद्घोष गरेका प्रचण्ड स्वयं ३ पटक प्रधानमन्त्री बने । नागरिकले ठूलो अपेक्षा गरेका प्रचण्डबाट सत्तामा रइँदालो गर्नबाहेक देश र जनताको अवस्था बदल्ने कुनै नयाँ योजना आउन नसकेको उनीमाथि आमटिप्पणी छ ।

शन्ति प्रक्रियापछिका १८ वर्षमा १४ वटा सरकार बने भने यसबीचमा २ वटा संविधानसभा र २ वटा प्रतिनिधिसभा निर्वाचन भए । प्रदेशसभा निर्वाचन र स्थानीय तहको निर्वाचनसमेत २ पटक भइसकेको छ । १४ वटा संघीय सरकार गठन हुँदा १० वटा सरकारमा महत्त्वपूर्ण साझेदारका रूपमा सहभागी माओवादी केन्द्र ३० असार २०८१ देखि सत्ताबाहिर छ ।

यो समयमा माओवादी केन्द्रले आफ्नो पार्टीबाट सरकारमा ७ जनालाई उपप्रधानमन्त्री र १०० भन्दा बढी नेतालाई मन्त्री बनाइसकेको छ । १ उपराष्ट्रपति, ३ सभामुख, १ उपसभामुख र १ राष्ट्रियसभा अध्यक्ष र १ उपाध्यक्ष माओवादीले पाएको छ ।

२०६३ सालको व्यवस्थापिका संसद्देखि २०७९ सालको संघीय संसद्सम्म माओवादी केन्द्रबाट ४८९ जना सांसद भए भने प्रदेश प्रमुख, मुख्यमन्त्री, मन्त्री, सभामुख, उपसभामुख र सांसदहरू गरी सयौं व्यक्तिहरूले लाभको पद पाइसकेका छन् ।

शान्ति प्रक्रियायता गिरिजाप्रसाद कोइराला नेतृत्वको अन्तरिम सरकार (२०६३), पुष्पकमल दाहाल (२०६५), माधव नेपाल (२०६६), झलनाथ खनाल (२०६७), डा. बाबुराम भट्टराई (२०६८), खिलराज रेग्मी (२०६९), सुशील कोइराला (२०७०), केपी शर्मा ओली (२०७२), प्रचण्ड (२०७३), शेरबहादुर देउवा (२०७४), ओली (२०७४), देउवा (२०७८), प्रचण्ड (२०७९) र ओली (२०८१) नेतृत्वमा सरकार गठन भइसकेको छ ।

तीमध्ये माधव नेपाल (२०६६), खिलराज रेग्मी(२०६९), सुशील कोइराला (२०७०) र केपी ओली (२०८१) नेतृत्वको सरकारमा माओवादी केन्द्र सहभागी हुन पाएन ।

पटक-पटक कांग्रेस र एमालेको बुई चढेर सत्तामा रहेका प्रचण्डले पछिल्लो पटक तिनै कांग्रेस-एमालेलाई २/२ पटक धोका दिएपछि कांग्रेस-एमाले मिलेर सरकार बनाएका छन् । राजनीतिक स्थिरताका लागि यो सरकार बनेको कांग्रेस-एमालेले दाबी गरिरहँदा प्रमुख प्रतिपक्षी बेन्चमा पुगेको माओवादीले सुरुदेखि नै चौतर्फी आक्रमण गरिरहेको थियो ।

पछिल्लो केही दिनयता माओवादी केन्द्र संसदीय दलका नेता प्रचण्डले ओली सरकारको मुख्य सहयात्री दल नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई प्रधानमन्त्रीको कार्ड फाल्न भ्याइसकेका छन् । नयाँ वर्ष प्रवेशसँगै नयाँ सरकार गठनका आधारहरू बनेका दाबी गरेका प्रचण्डले अब कांग्रेस नेतृत्वको सरकार बन्न सक्ने संकेत गरेका छन् ।

उनले भनेका छन्, 'हाम्रो ध्यान चैं सरकारतिर त्यति छैन तर परिस्थिति यस्तो बन्दै छ कि यो सरकार धेरै अगाडि जान सहज छैन भन्ने कुरा देखिराख्या' छ । मैले केही नयाँ कुराको आधारमा त्यो कुरा भन्या' हो । मलाई लाग्छ, त्यही दिशातिर देश जान्छ ।'

आफूले पहिलेदेखि नै ठूलो दलको हैसियतले सरकारको नेतृत्व नेपाली कांग्रेसले गर्नुपर्ने बताउँदै आएको उनले उल्लेख गरे । प्रचण्डले यसअघि भने, >>> पृष्ठ २ मा

## 'सत्ताबाहिरका हरेक दिन कष्टकर'



■ प्रदीप ज्ञवाली
उपमहासचिव,
नेकपा एमाले

नेकपा एमालेका उपमहासचिव प्रदीप ज्ञवालीले नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'लाई सत्ताबाहिरका हरेक दिन कष्टकर बनेका टिप्पणी गरेका छन् ।


सोमबार एमाले सचिवालय बैठकपछि उनले सत्ता परिवर्तनको कुनै बहस र लक्ष्य नभए पनि प्रचण्डका अभिव्यक्तिले उनका सत्ताबाहिरका हरेक दिन कष्टकर भएका बुझ्न सकिने टिप्पणी गरेका हुन् ।


सरकार परिवर्तन हुँदै छ भन्ने प्रचण्डको भनाइलाई उनले कांग्रेस-एमालेभित्र अझै खेल्न सकिन्छ कि भन्ने प्रयासका रूपमा लिन सकिने बताए । 'मुलुकसामु समस्याहरू छन्, त्यहाँ कहीँ पनि सरकार परिवर्तनको विषय चर्चा हुनु न नेपाली जनताले मनपराउँछन्, न त त्यो कुनै समाधान हो ।'

तर, सत्ता परिवर्तन प्रचण्डको चाहनामा सीमित हुने उनको भनाइ छ । प्रचण्डले सरकार परिवर्तनको हल्ला चलाए पनि सरकार परिवर्तनको >>> पृष्ठ २ मा

**नागरिक-नाउपा एकीकरण**

## रञ्जिताको अड्को





**निमिष झा/मध्यान्ह**
काठमाडौं, १ वैशाख ।

डा. चन्द्रकान्त (सीके) राउत नेतृत्वको जनमत पार्टी र रञ्जिता श्रेष्ठ नेतृत्वको नागरिक उन्मुक्ति पार्टी (नाउपा)बीच एकताको पूर्वार्द्धमा फेरि विवाद देखिएको छ ।

२ पार्टीको बहुप्रतीक्षित एकता प्रक्रिया निर्णायक मोडमा पुगेको दाबी गरिएका बेला नेतृत्वको विषयमा विवाद उत्पन्न भएको हो । केही महिनादेखि जारी पार्टी एकीकरण संवादमा नेतृत्वको विषयमा देखिएको विवादलाई नेता, कार्यकर्ताहरूले 'बेटुंगो एकता'को संज्ञा दिएका छन् ।

दुवै पक्षले एकता अन्तिम चरणमा पुगेको दाबी गरिरहे पनि नेतृत्व वरीयता र भूमिकाको विवाद सतहमा आएको छ । ६ वैशाखमा पार्टी एकता घोषणा गर्ने तयारीका रहेका २ दलबीच देखिएको विवादले एकीकरण घोषणा सर्न सक्ने सम्भावना पनि बढेको छ ।

बाँकेमा भएको पछिल्लो एकता वार्तामा एकीकृत पार्टीको संरक्षक रेशम चौधरी, कार्यकारी अध्यक्ष डा. राउत र सहअध्यक्ष रञ्जिता श्रेष्ठ रहने कार्यकारी ढाँचामा सहमति नजिक पुगेको भनिए पनि श्रेष्ठले आफ्नो राजनीतिक हैसियत कम भएको जनाउँदै असहमति जनाएकी छन् । नाउपा स्रोतका अनुसार श्रेष्ठ नेतृत्वको सवालमा 'नरम' देखिन तयार छैनन् ।

राजनीतिक विश्लेषकहरूका अनुसार मधेशमा अलग-अलग पहिचान बनाएका यी २ दलहरूको एकता सफल भए संघीयताको पक्षमा बलियो सन्देश जान सक्छ । तर, वरीयताको तानातानले पार्टी एकताभन्दा व्यक्तिगत हैसियतको खेल बढेको देखिन्छ ।

जनमत र नाउपा दुवै मधेश र थरूहटको प्रतिनिधित्व गर्ने नयाँ पुस्ताका राजनीतिक शक्ति हुन् । दुवैका आधार छुट्टाछुट्टै भए पनि मुद्दा समान छन् । पहिचान, अधिकार र स्वाभिमानका मुद्दा दुवै दलले उठाएका छन् ।

> **जनमत र नाउपा दुवै मधेश र थरूहटको प्रतिनिधित्व गर्ने नयाँ पुस्ताका राजनीतिक शक्ति हुन् । दुवैका आधार छु ाछु ै भए पनि मुद्दा समान छन् । पहिचान, अधिकार र स्वाभिमानका मुद्दा दुवै दलले उठाएका छन्**

२ पार्टीबीच जारी एकता वार्ता एकता गर्ने कि नगर्ने भन्नेमा सीमित छैन । यसले दुवै पार्टीको भोलिको मार्गचित्र पनि निर्धारण गर्ने छ । यदि सहमति जुट्यो भने नयाँ राजनीतिक संरचना तयार हुने छ नत्र एकताप्रति देखिएको आशा निराशामा बदलिने छ ।

### असन्तुष्टि किन ?

श्रेष्ठले सामाजिक संजालमार्फत लेखेकी छन्, 'रूख काट्नै लाग्नुभयो भने पनि ख्याल गर्नुहोला, काटेको रूख तपाईंकै टाउकोमा पनि पर्न सक्छ ।' उनको यो भनाइले व्यक्तिगत असन्तुष्टि मात्र होइन, एकता प्रक्रियामाथि नै प्रश्न पनि खडा गरेको छ । श्रेष्ठ यसअघि पनि जनमतसँग पार्टी एकताको पक्षमा थिइनन् ।

२ पार्टीको कार्यदलले एकताका लागि ९ बुँदे सहमति गरेको छ । तर, वरीयतालाई लिएर अध्यक्ष श्रेष्ठले असन्तुष्टि जनाएकी छन् । २ महिनादेखि चलिरहेको एकता वार्ता अन्तिम चरणमा पुगेको छ ।

यसअघि जनमत अध्यक्ष राउत र नाउपा >>> पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

## संघको नवनिर्वाचित कार्यसमितिले गऱ्यो पदबहाली

**मध्यान्ह संवाददाता**
काठमाडौं, १ वैशाख ।

नेपाल वैदेशिक रोजगार व्यवसायी संघको नवनिर्वाचित कार्यसमितिले पदबहाली गरेको छ । नयाँ वर्ष २०८२ को पहिलो दिन १ वैशाख सोमबार संघका निवर्तमान अध्यक्ष राजेन्द्र भण्डारीले नवनिर्वाचित अध्यक्ष भुवनसिंह गुरुङलाई संघको निर्णय पुस्तिका हस्तान्तरण गरे ।

गत २९ चैतमा सम्पन्न संघको साधारणसभाले गुरुङ म्यानेजमेन्ट प्रा. लि.का संचालक भुवनसिंह गुरुङलाई संघको अध्यक्षमा निर्वाचित गरेको थियो । उनले निर्वाचनमा खसेको ८१३ मध्ये ४२८ मत प्राप्त गरेका थिए । गुरुङ संघको पूर्वद्वितीय उपाध्यक्ष भइसकेका व्यवसायी हुन् । उनले आगामी २ वर्ष संघलाई नेतृत्व प्रदान गर्ने छन् ।



पदबहालीपछि अध्यक्ष गुरुङको अध्यक्षतामा संघ कार्यसमितिको पहिलो बैठक पनि बसेको छ । बैठकले संघको कार्यसमितिको निर्वाचनका लागि उत्साहजनक रूपमा सहभागी भई मतदान गरेको भन्दै मतदाता र सफलतापूर्वक निर्वाचन सम्पन्न गराएको भन्दै निवर्तमान कार्यसमितिलाई आभार तथा धन्यवाद व्यक्त गर्ने निर्णय गरेको महासचिव महेशकुमार बस्नेतले जानकारी दिए ।

संघका नवनिर्वाचित अध्यक्ष गुरुङले वैदेशिक रोजगार ऐन तथा नियमावलीमा परिवर्तन र सेवा शुल्क परिमार्जन जस्ता दीर्घकालीन सुधारका कामहरू भए पनि तत्कालका लागि व्यवसायीको इजाजत नवीकरणसँग प्रत्यक्ष जोडिएको संख्या सय समस्याको समाधान आफ्नो पहिलो प्राथमिकतामा रहेको बताएका छन् ।

उनले निर्वाचनको प्रतिस्पर्धालाई बिर्सेर संघले सबै व्यवसायीलाई अभिभावकत्व प्रदान गर्ने प्रतिबद्धता पनि जनाएका छन् ।

पदबहाली कार्यक्रममा प्रथम उपाध्यक्ष सुजितकुमार श्रेष्ठ, द्वितीय उपाध्यक्ष देवकुमार खोखाली, तृतीय उपाध्यक्ष बैकुण्ठप्रसाद पौडेल, महासचिव महेशकुमार बस्नेत, सचिव कुन्छा दोर्जे डिमडोङ र कोषाध्यक्ष धनमाया सिँजाली तथा कार्यसमिति सदस्यहरू रेखा शर्मा, कृष्ण ढकाल, भरत सापकोटा, रामकाजी भोलान, सुवर्ण लामा, हिमा गुरुङ, रमा खड्का, देवीप्रसाद गिरी, सुमनराज पाण्डे र विद्यालक्ष्मी बज्राचार्यको उपस्थिति थियो ।

## चिया टिप्दै कूटनीतिज्ञहरू

**भावना पाठक/मध्यान्ह**
इलाम, १ वैशाख ।

चिया बगान, चियाबारीको हरियाली, चियाका पत्ताहरूले आकाश ताकिरहेको दृश्य अनि नीलो आकाशमुनि हरियो धर्तीको फाँट ।

पहाडका हरियालीले ढाकिएका चियाबारीमा जानु आफैंमा रोमाञ्चक क्रियाभन्दा कम होइन, जहाँ चियामा नवआगन्तुक मुनाहरूले लोभ्याइरहेका हुन्छन् । यही रोमाञ्चकताको अनुभव नेपालमा रहेका विदेशी कूटनीतिज्ञहरूले लिएका छन्, जहाँ उनीहरू हरित प्रकृतिको काखमा लुटपुटिए ।

उनीहरूले चिया बगानको सौन्दर्य मात्र होइन, सजीव प्रकृतिका रमणीय पलको पनि साक्षात्कार गर्न पाए । विदेशी कूटनीतिज्ञहरूलाई हरियालीसँग साक्षात्कार गराउने अवसर परराष्ट्रमन्त्री डा. आरजु राणाले जुराइदिएकी हुन् ।

नयाँ वर्ष २०८२ मनाउन परराष्ट्रमन्त्री राणाको पहलमा १५ देशका राजदूत एवं कूटनीतिज्ञहरू इलाम पुगेका छन् । परराष्ट्र मन्त्रालयको नियमित कार्यक्रमअन्तर्गतको 'डिप्लोम्याटिक रिट्रिट'का लागि उनीहरू इलाम



पुगेका हुन् ।

इजिप्ट, दक्षिण कोरिया, यूके, स्वीट्जल्यान्ड, थाइल्यान्ड, अस्ट्रेलिया, फ्रान्स, इजरायल, जापान, मलेसिया, श्रीलंका, बंगलादेश र इसिमोडका राजदूत सहभागी छन् ।

आइतबार इलामको कन्याम पुगेर साँस्कृतिक पहिरनसहित घोडा सवार गरेका उनीहरूले सोमबार श्री अन्तु भ्रमण गरे । सोमबार अन्तुडाँडामा सूर्योदय दृश्यावलोकन गरेका उनीहरूले अन्तु पोखरीमा डुंगा सयर पनि गरे ।

डुंगा सयरपछि चियाबारीमा उनीहरूले मौलिक पारामा चिया टिपेर मनोरञ्जनसमेत लिए । डाँडामा चिया टिपेर चोयाको डालोमा राखेर रमाइलो गरिरहेका उनीहरूले नेपालमा चिया पर्यटनको चर्चासमेत गरेका छन् ।

सबै राजदूतहरूले चिया बगान छिरेर आधा घन्टासम्म चिया टिपेका थिए ।

उनीहरूलाई चिया, दूध, अलैंचीलगायत स्थानीय उत्पादनसमेत चखाइएको छ । चियाको बोटमै आएर टिप्न र चाख्न पाउँदा आनन्द अनुभूति भएको अस्ट्रेलियाका राजदूत लेनान जोनस्टनले बताए ।

'सबै राजदूतहरूले फरक अनुभव लिए । नेपालीहरूले >>> पृष्ठ २ मा

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com



# ‘ग्रामीण पर्यटनलाई मजबुत बनाउन आवश्यक’

**लमजुङ/मस-** सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वी सुब्बा गुरुङले लमजुङको प्रसिद्ध पर्यटकीय गन्तव्य घलेगाउँमा ‘घलेगाउँ पर्यटन रजत जयन्ती’ कार्यक्रमको उद्घाटन गरेका छन्।

घलेगाउँ पर्यटन व्यवस्थापन समितिको आयोजनामा सुरु भएको यो कार्यक्रमले घलेगाउँको २५ वर्षे पर्यटन यात्रालाई स्मरण गर्दै गाउँ पर्यटनको महत्व र योगदानलाई उजागर गर्ने उद्देश्य राखेको छ।

सो अवसरमा सरकारका प्रवक्तासमेत रहेका मन्त्री गुरुङले घलेगाउँको यात्रा दुःख, विकटता र अभावबाट सुरू भएर अहिलेको स्मार्ट भिलेजको यात्रासम्म आइपुगेको बताए। उनले परिवर्तनको मूल रहस्य समुदायको एकता, नेताहरूको अठोट र जनसहभागिता भएको उल्लेख गरे।



घलेगाउँलाई विश्वले चिनेको ठाउँको रूपमा प्रस्तुत गर्दै यसको उदाहरण देशभर फैलाउन सकिने उनको विश्वास छ। मन्त्री गुरुङले भने,‘घलेगाउँ नेपालको उत्कृष्ट होमस्टे गन्तव्य हो। यहाँबाट सुरू भएको होमस्टे अभ्यास अहिले देशका विभिन्न जिल्लाहरूमा फैलिएको छ। लमजुङ जिल्ला आज ७७ वटै जिल्लामा गाउँ पर्यटन फैलाउने नेतृत्वदायी जिल्लाका रूपमा चिनिएको छ।’

गण्डकी अञ्चलमा मात्रै ३०६ वटा होमस्टे दर्ता भएको उल्लेख गर्दै मन्त्री गुरुङले तीमध्ये धेरैजसो सफलतापूर्वक सञ्चालनमा रहेको जानकारी दिए। उनले ग्रामीण पर्यटनलाई मजबुत बनाउने हो भने नेपाललाई पर्यटनको केन्द्रविन्दु बनाउने सम्भावना रहेको बताए।

नेपालको हरेक गाउँलाई ‘जीवन्त संग्रहालय’ को रूपमा परिभाषित गर्दै विविधता, प्रकृति र संस्कृतिको यो सुन्दर मिश्रणले नेपाललाई अन्तर्राष्ट्रियस्तरमा चिनाउन सकिने मन्त्री गुरुङले विश्वास व्यक्त गरे। उनले भने, ‘भाग्य र भविष्य थाहा हुँदैन, तर कसैको अठोट, नीति र कार्यक्रमले नै भाग्य कोर्न सक्छ।’

यस अवसरमा स्थानीय बासिन्दाहरू, होमस्टे सञ्चालक, जनप्रतिनिधि तथा विभिन्न संघ-संस्थाका प्रतिनिधिको उपस्थिति रहेको थियो। कार्यक्रमको आगामी दिनहरूमा विविध सांस्कृतिक कार्यक्रम, पर्यटन छलफल, स्थानीय उत्पादनको प्रदर्शनी र अनुभव आदानप्रदान कार्यक्रम सञ्चालन हुने तयारी रहेको आयोजकले जानकारी दिएका छन्।

# ‘माओवादी केन्द्रलाई जनताले भरोसा गरेका छन्’



**नवलपुर/मस-** नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ ले पछिल्लो समय जनताले माओवादी केन्द्रप्रति भरोसा गरेको बताएका छन्।

सोमबार साँझ नवलपरासी (बर्दघाट-सुस्तापूर्व) को गैँडाकोटमा आयोजित ‘जनतासँग माओवादी हुलाकी मार्ग केन्द्रित तराई-मधेस जागरण अभियान’ लाई सम्बोधन गर्दै अध्यक्ष दाहालले झापादेखि नवलपुरसम्म आउँदा माओवादी केन्द्रलाई जनताले भरोसा गरेको अनुभूति भएको बताए।

उनले अहिले देशको राजनीति असहज अवस्थाबाट गुज्रिएकाले यसलाई सहज परिस्थिति बनाउन थुप्रै खबरदारी अभियान गरिएको उल्लेख गरे। माओवादी केन्द्रले झापाबाट सुरु गरेको अभियान कञ्चनपुरसम्म पुग्ने भएकाले हालसम्म लाखौँ जनताको सहभागिता रहेको उनको भनाइ छ। ‘अभियानका क्रममा मैले सहिद, बेपत्ता, योद्धा परिवार, गरिब, मजदुर, किसानहरुको कुरा नजिकबाट सुन्ने अवसर पाएको छु’, उनले भने, ‘यस अवसरमा आदिवासी जनजाति, मधेसी, दलित, मुस्लिम थारु समुदायको अहिलेको चाहना र आवश्यकतालाई नजिकबाट बुझ्ने कोसिस गरेको छु।’

जनताकै घरमा बसेर जनताको कुरा जनताकै मुखबाट सुन्ने कोसिस गर्दा माओवादी केन्द्र राष्ट्रप्रति गम्भीर, जनताप्रति इमानदार, परिवर्तनप्रति संवेदनशील र सुशासन, सामाजिक न्याय र आर्थिक समृद्धिप्रति समर्पित पार्टी हो भन्ने कुरा जनताले बुझ्ने अवसर पाएका उनको भनाइ छ।

# लागुऔषधसहित ५ जना पक्राउ

**काठमाडौं/मस-** विभिन्न स्थानबाट लागुऔषधसहित ५ जना पक्राउ परेका छन्। सिन्धुली सुनकोशी गाउँपालिका-१ आँपघारीबाट अवैध लागुऔषध गाँजा करिब ८ सय ४६ ग्राम, नगद ५२ हजार ५ सय रूपैयाँ र मोबाइल २ थान सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा सुनकोशी गाउँपालिका-२ ओखेनी बस्ने १९ वर्षीय उमेश बुर्जा र २६ वर्षीय मोहन बहादुर बुर्जा रहेका छन्।

प्रहरी चौकी दुम्जाबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त गाँजा सहित पक्राउ गरेको हो। यस्तै झापा गौरादह नगरपालिका-५ सृजना टोलबाट नियन्त्रित लागुऔषध ट्रामाडोल ४ सय ७० ट्याब्लेट र स्पास्पेन ५० ट्याब्लेट सहित कमल गाउँपालिका-७ बस्ने २८ वर्षीय बिशाल लिम्बुलाई प्रहरीले पक्राउ गरेको छ। प्रहरी चौकी महारानीझोडाबाट खटिएको प्रहरीले मे.११ प १५८ नम्बरको स्कुटरमा सवार उनलाई उक्त लागुऔषधसहित पक्राउ गरेको हो।

यस्तै नवलपरासी पूर्व, गैँडाकोट नगरपालिका-३ अरेलीघारीबाट अवैध लागुऔषध गाँजा करिब ५ किलोग्रामसहित २ जनालाई सोमबार बिहान प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा तनहुँ रिसिङ गाउँपालिका-२ काउँशिवपुर घर भइ हाल चितवन भरतपुर महानगरपालिका-२० चनौली बस्ने ३४ वर्षीय बिशाल थापा मगर र १९ वर्षीय रिजन थापा मगर रहेका छन्। अस्थायी प्रहरी पोष्ट ढेडेनीबाट खटिएको प्रहरीले बुलिङटारबाट चितवनतर्फ आउँदै गरेको ग.२१ प ६१८० नम्बरको मोटरसाइकलमा सवार उनीहरूलाई उक्त गाँजासहित पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

**अस्थिरताका...**

‘चौतर्फी असन्तुष्टि, आक्रोश, आवेग, आन्दोलन चलिराख्या’ छ तर सरकार संवेदनशील छैन। डाक्टर, नर्स, शिक्षक, लघुवित्तपीडित मात्र नभएर सबै राजनीतिक दलहरू पनि झण्डैझण्डै सडकमै छन्। सरकारमा भएका दल पनि सडकमा आउन थाल्या’ छन्। भनेपछि परिस्थिति निकै गम्भीर र पेचिलो बनेको छ।’

तर, नयाँ वर्षले केही न केही निकास लिएर आउने उनको विश्वास छ। सबैभन्दा ठूलो दलको नेतृत्वमा सरकार बन्ने नै सही कुरा हुने उनले दोहोर्‍याएका छन्। तर, सत्ताको मुख्य नेतृत्वकर्ता नेकपा एमाले र सत्ता सहयात्री दल नेपाली कांग्रेसका नेताहरूले प्रचण्डको पछिल्लो अभिव्यक्तिलाई सत्ता छटपटाहटकै रूपमा लिएका छन्।

नेताहरूको यस्तो राजनीतिक गतिविधिले देशको अवस्था र जनजीविकाका मुद्दा भन्दा पनि अस्थिरतालाई निम्तो दिएको प्रस्ट हुने राजनीतिक विश्लेषक विष्णु पन्थीले बताए।

‘लामो समयसम्म सत्तामा रहेका पुराना राजनीतिक दलका शीर्ष नेताहरूले आफू र आफन्तको बाहेक जनहितमा कुनै नयाँ योजना ल्याउन सकेका छैनन्’, उनले मध्यान्हसँग भने, ‘आमनागरिकले अलि बढी अपेक्षा गरेका प्रचण्ड त अझै अस्तव्यस्तमै रमाइरहेका देखिन्छ। प्रचण्ड सत्ताका लागि जतिसुकै अस्थिरता निम्त्याउन पनि अग्रसर रहेको इतिहास छ। उनी सत्ताबाहिर बस्नै सक्दैनन् भन्ने प्रमाणित आफैंले गर्दै आएका छन्।’

सत्तामा रहँदा नागरिकका समस्या कमै देख्ने माओवादी केन्द्र सत्ताबाहिर पुग्नासाथ जनताका समस्या मात्र देख्ने र सरकारले ती समस्या समाधान गर्न नसकेको टिप्पणी गर्न माहिर देखिएको छ। कहिले नेपाली कांग्रेससँग र कहिले नेकपा एमालेसँग मिलेर निरन्तर सरकारमा रहेको माओवादी केन्द्र अहिले चरम छटपटीमा देखिन्छ।

पार्टी अध्यक्ष प्रचण्डका पछिल्ला अभिव्यक्तिले माओवादी केन्द्रको सत्ता छटपटाहटलाई पुनः पुष्टि गरेको छ। यसले अस्थिरतालाई समेत बल पुर्‍याएको रजनीतिक विश्लेषकहरू बताउँछन्। २०७८ वैशाख अन्तिममा केही हप्ताका लागि गठित केपी ओली नेतृत्वको सरकारलाई छाड्ने हो भने २०७२ असोजयता अधिकांश समय सरकारमै छ।

२०६४ सालको संविधानसभा निर्वाचनपछि २०६५ सालमा प्रधानमन्त्री बनेका प्रचण्डले नेपाली सेनाका तत्कालीन प्रधानसेनापति रुक्माङ्गत कटवाललाई चलाउँदा अन्ततः ९ महिनामै प्रधानमन्त्रीबाट राजीनामा दिनुपरेको थियो।

त्यसलगत्तै २०६६ सालमा बनेको एमाले नेता माधव नेपाल नेतृत्वको सरकारविरुद्ध निर्णायक तेस्रो जनआन्दोलन भनेर काठमाडौंमा देशभरका कार्यकर्ता उतारेर प्रचण्डले अस्थिर राजनीति र सत्ताबाहिर रहँदाको छटपटाहटको बिम्ब देखाएका थिए।

पहिलो संविधानसभाबाट संविधान जारी गर्ने विषयमा माओवादीले निकालेका अनेकन बखेडा र सत्ता चाहनाका कारण संविधानका अन्तर्वस्तुमाथि हुनुपर्ने छलफललाई ओझेल पार्‍यो। संविधानसभाको पहिलो दल माओवादीको अडानका कारण माधव नेपाललाई प्रधानमन्त्रीबाट राजीनामा गराउन बाध्य पारियो। २०६७ सालमा एमाले नेता झलनाथ खनालको नेतृत्वमा सरकार बनाएर उक्त सरकारमा माओवादी सहभागी भएको थियो।

यसरी हेर्दा पुष्पकमल दाहाल ‘प्रचण्ड’ दोस्रो जनआन्दोलनपछिको नेपाली राजनीतिका अस्थिर पात्र मात्र नभएर नेपाली राजनीतिलाई अस्थिरतातर्फ डोहोर्‍याउने प्रमुख पात्रका रूपमा देखिने राजनीतिक वृत्तमा चर्चा हुने गरेको छ।

**सत्ताबाहिरका...**

हल्लामा कुनै सत्य नरहेको नेकपा एमालेले दाबी गरेको छ। ‘त्यस्तै भइदिए हुन्थ्यो भन्ने उहाँको चाहना हो। सुरुदेखि नै उहाँ समीकरण नबनोस्, सहयात्रा अगाडि नबढोस् भन्नेमै हुनुहुन्थ्यो’, ज्ञवालीले भने, ‘सत्ताबाहिर एक दिन पनि उहाँलाई धेरै गाह्रो भएको छ भन्ने प्रकट गरिराख्नुभएको छ। अहिले सरकार परिवर्तन न कतैबाट सम्भव छ, न त त्यसको सान्दर्भिकता र औचित्य छ।’

अरू विषय छाडेर प्रचण्डले सरकारको कुरा मात्रै गर्नु भनेको सत्तामोहबाहेक केही नभएको ज्ञवालीले बताए।

**नागरिक...**

संरक्षक रेशम चौधरीले ९ चैतमा पार्टी एकता घोषणाको मिति तोकेका थिए। तर, नाउपा अध्यक्ष श्रेष्ठले असहमति जनाएपछि एकता प्रक्रिया अड्किएको थियो। त्यसपछि दुवै पार्टीले कार्यदलमार्फत छलफल अघि बढाएका थिए।

तर, दुवै पार्टीका शीर्ष नेता राउत र चौधरीबीच भएको ९ बुँदे सहमतिमा श्रेष्ठको असन्तुष्टि छ। सहअध्यक्षमा राख्ने विषयमा आफूलाई थाहा नभएको उनको दाबी छ।

२ पार्टीबीच एकता हुँदा दुवै पार्टीका अध्यक्षको अधिकार र हैसियत बराबरी हुनुपर्ने उनको भनाइ छ। ‘कसैलाई काखापाखा लगाउने काम हुनु हुँदैन। सबैलाई सम्मानसहित समान अधिकार हुन्छ’, उनले भनिन्।

एकीकृत पार्टीको वरीयता बाँडफाँटप्रति श्रेष्ठले चित्त नबुझाएको नाउपाका केन्द्रीय सदस्य रामलाल डगौरा थारूले जानकारी दिए।

‘पार्टी एकताप्रति उहाँको सैद्धान्तिक रूपमा असहमति छैन। असहमति हुनुपर्ने कारण पनि म देख्दिनँ’, उनले भने, ‘पार्टी एकता समानताका आधारमा हुनुपर्छ। पार्टी एकता गर्दा दुवै पार्टीका अध्यक्षको समान वरीयता हुनुपर्छ भन्ने उहाँको कुरा हो।’

जनमतसँगको पार्टी एकताको छलफलमा उनी कतै पनि दृश्यमा नरहेकी उनकै पार्टीका नेताहरू बताउँछन्।

बाँके र बर्दियामा भएको वार्तामा पनि उनी देखिएकी थिइनन्। समझदारीको अघिल्लो दिन राउत र चौधरीले सामूहिक तस्बिर खिचाउँदा त्यहाँ पनि उनी देखिएकी थिइनन्।

‘यी सबै घटनाक्रमले पार्टी एकताप्रति श्रेष्ठ खुसी छैनन् भन्ने नै बुझिन्छ। उनी असन्तुष्ट हुनुको कारण अर्को पनि छ- चौधरीलाई वरीयताक्रममा अगाडि राख्ने भनिए पनि उनलाई निर्वाचन आयोगले चिन्दैन। पहिले पनि महाधिवेशन गरेर उनलाई अध्यक्ष बनाउन खोज्दा निर्वाचन आयोगले वैधता दिन अस्वीकार गरेको थियो। तसर्थ, चौधरी पहिलो वरीयतामा रहे पनि पार्टीको कार्यकारी अध्यक्ष राउत नै रहने निश्चित छ। सहअध्यक्षको कुनै भूमिका हुँदैन। यसरी जानाजान आफ्नो भूमिका र जिम्मेवारी घटाउनेगरी एकता गरिन लागिएको श्रेष्ठको भनाइ छ।

नाउपाका संस्थापक २१ जना केन्द्रीय सदस्यमध्ये श्रेष्ठतर्फ ६ जना मात्र छन्। त्यसमध्ये केहीले पार्टी छाडिसकेका छन्। कतिपय एकता प्रक्रियामा नजाने भनेर सार्वजनिक रूपमै अभिव्यक्ति दिइसकेका छन्।

बहुमत सदस्यहरूले एकतामा जाने निर्णय गरेपछि श्रेष्ठलाई पनि सामेल हुन बाध्यता छ तर त्यो एकता दिगो हुनेमा उनी विश्वस्त भने छैन।

के-के भयो सहमति ?

पछिल्लो पटक बाँके र बर्दियामा २ दिन चलेको छलफलपछि दुवै पार्टीका शीर्ष नेता एकताका लागि सहमत भएका छन्। दुवै पार्टीको कार्यदलसहित जनमतका अध्यक्ष राउत र नाउपा संरक्षक चौधरी सहित बसेको बैठकले एकताका लागि सहमति गरेको थियो।

९ बुँदे सहमतिअनुसार एकतापछि बन्ने पार्टीको नाम ‘नागरिक जनमत पार्टी’ रहने छ। त्यस्तै, पार्टीको झन्डा पनि ढकिया राख्ने र ढकियाको रङ कलेजी हुने कार्यदलले सहमति जनाएको छ।

एकतापछि बन्ने पार्टीको संरक्षकमा चौधरी, कार्यकारी अध्यक्षमा राउत र सहअध्यक्षमा श्रेष्ठ रहने कार्यदलमा छलफल भएको नाउपाबाट गठित कार्यदलका सदस्य रामलाल डगौराले बताए। उनका अनुसार पार्टीको नाम, झन्डा, चुनाव चिह्नदेखि भूगोलको जिम्मेवारीसमेत टुंगिएको छ।

तराई-मधेशलाई २ भागमा बाँडेर २ नेताले एकीकृत पार्टीको नेतृत्व गर्ने छन्। ‘झापादेखि चितवनसम्मको नेतृत्व राउतले र चितवनदेखि कंचनपुरसम्मको भूगोलको नेतृत्व चौधरीले गर्ने सहमति बनेको छ’, चौधरीले भने। यस्तै, दुवै पार्टीले विधान प्रतिस्थापन समिति गठन गरेका छन्। दुवै दलले बनाएको विधान प्रतिस्थापन समितिले दुवै दलको विधानलाई संयोजन गरेर नयाँ विधान बनाउने छ।

एकीकरणपछि बन्ने नयाँ पार्टी तराई-मधेशमा बलियो शक्तिका रूपमा उभिने उनीहरूको विश्वास छ। संघीय संसद्मा प्रतिनिधित्वको हिसाबले पनि नयाँ दल मधेश केन्द्रित सबैभन्दा ठूलो दल बन्ने छ।

हाल जनमतका ६ सांसद छन्। त्यस्तै, नाउपाका ४ सांसद छन्। सुदूरपश्चिम प्रदेशसभामा नाउपाको ७ सांसद छन्। अहिले मधेश केन्द्रित जसपाका ७, जसपा नेपालका ५ र लोसपाका ४ सांसद प्रतिनिधिसभामा छन्।

त्यस्तै, नाउपाका लुम्बिनी प्रदेशमा ४ सांसद छन् भने मधेश प्रदेशमा १ जना सांसद छन्। टीकापुर नगरपालिकाको मेयर, भजनी नगरपालिकामा मेयर, उपमेयर, जोशिपुर र जानकी गाउँपालिका अध्यक्ष, उपाध्यक्षलगायत स्थानीय तहमा सय हाराहारी जनप्रतिनिधि नाउपाका तर्फबाट निर्वाचित छन्।

टीकापुर प्रकरणमा चौधरी जेलमा रहेका बेला श्रेष्ठको नेतृत्वमा ३ वर्षअघि नाउपा गठन भएको थियो। उनकै नेतृत्वमा नाउपाले २०७९ सालको प्रतिनिधिसभा निर्वाचनमा भाग लिएको थियो। चौधरी र श्रेष्ठ श्रीमान्-श्रीमती हुन्। यसअघि पनि उनीहरूबीच पार्टी नेतृत्वको विषयमा चरम विवाद भएको थियो।

मधेशमा पृथक्तावादी आन्दोलन चलाएर चर्चामा आएका राउत सरकारसँग वार्ता गरेर खुल्ला राजनीतिमा आएका हुन्। उनले ६ वर्षअघि आफ्नै नेतृत्वमा पार्टी खोलेका थिए।

२०७९ सालको प्रतिनिधिसभा निर्वाचनमा प्रत्यक्षबाट राउत सप्तरी- २ बाट निर्वाचित भएका थिए। तर, समानुपातिकमा थ्रेसहोल्ड कटाएकाले ५ सिट थपिएको छ।

**चिया टिप्दै...**

चिया टिप्ने शैली उनीहरूले बुझ्ने मौका पाए। चिया कसरी तयार गरिन्छ भन्ने जानकारीसमेत लिए’, परराष्ट्र मन्त्रालयका सचिव अमृतबहादुर राईले भने।

सूर्योदयका नगर प्रमुख रणबहादुर राईले राजदूतहरूले टिपेको चिया प्रशोधन गरी तयार पारेर उनीहरूलाई नै कोसेलीस्वरूप पठाउने घोषणा पनि गरे। इलामको चिया चिनाउनका लागि यस्तो प्रयास गरिएको हो।

अन्तु भ्रमणकै सिलसिलामा अनौपचारिक कार्यक्रमअन्तर्गत अन्तुमै चिया टेस्टिङ पनि गराइएको छ। सूर्योदय टी प्रोडचुसर्स एसोसिएसन र राष्ट्रिय चिया तथा कफी विकास बोर्ड चिया विस्तार योजना फिक्कलले विभिन्न १६ जातका चिया टेस्टिङ गराएको हो।

नेपाली चियाका विभिन्न जात चखाएर नेपाली चिया विश्व बजारमा प्रवर्द्धन गर्नका लागि चिया टेस्टिङको कार्यक्रम राखिएको सूर्योदय टी प्रोडचुसर्स एसोसिएसनका सचिव गोपाल कट्टेलले जानकारी दिए।

चिया टेस्टिङसँगै चियाका प्रकारका बारेमा जानकारी गराइएको थियो। ब्ल्याक टी, अर्थोडक्स ग्रिन टी, उलङ टी, सिल्भर टी, गोल्डेन टीको स्वाद चखाइएको राष्ट्रिय चिया तथा कफी विकास बोर्ड चिया विस्तार योजना फिक्कलका चिया प्राविधिक नवीन कोइरालाले जानकारी दिए।

मन्त्रालयले वार्षिक रूपमा विभिन्न देशका राजदूतलाई नयाँ वर्षको अवसरमा नयाँ पर्यटकीय गन्तव्यमा भ्रमण गराउने कार्यक्रमअनुसार यस पटक सूर्योदय नगरपालिकाको अन्तुमा र कन्याममा कार्यक्रम तय भएको थियो।

उनीहरूले कन्यामको चिया बगानमा जातीय पहिरन लगाएर घोड सवार गरे। मन्त्री राणासहित राजदूतहरूले विभिन्न जातजातिका साँस्कृतिक पहिरन लगााएर कन्याममा फोटो सुटसमेत गरे। होमस्टे एसोसिएसन तथा समुदायले रैथाने लाप्चा संस्कृतिको माला लगाएर मन्त्री राणा र विभिन्न राष्ट्रका डेलिगेट्सलाई स्वागत गरेका थिए। स्वदेशी तथा विदेशी पर्यटकको बाह्रै महिना भीड लाग्ने अन्तु र कन्याममा राजदूतको भ्रमणले थप प्रचारमा सहयोग पुग्ने नगर प्रमुख राईको भनाइ छ।

# विशेष अदालतको फैसला विरुद्ध अख्तियार सर्वोच्चमा

**काठमाडौं/मस-** विशेष अदालतबाट भएको फैसला चित्त बुझ्दो नभएपछि अख्तियार दुरुपयोग अनुसन्धान आयोग पुनरावेदनका लागि सर्वोच्च अदालतमा पुगेको छ।







आयोगले चितवन राष्ट्रिय निकुञ्ज कार्यालय सौराहा सेक्टरका तत्कालीन सहायक संरक्षण अधिकृत अभिनय पाठक विरुद्धको मुद्दामा पुनरावेदन गरेको हो। आयोगले रु ३१ लाख ५९ हजार सात सय ३५ बराबरको बिगो दाबी गरेको थियो। सो मुद्दामा विशेषले गत असार १८ गते सफाइ दिएको थियो।

त्यसैगरी आयोगले नापी कार्यालय रुपन्देहीका नापी अधिकृत ध्रुवराज मरासिनी, विन्देश्वर याव र सर्वेक्षक ठाकुरप्रसाद गुरौ विरुद्धको मुद्दामा पनि पुनरावेदन गरेको छ। जग्गा नियम विपरित कित्ता काट र गलत फाइल नक्सा तयार पारेकाले सो कार्य भ्रष्टाचारजन्य गतिविधि रहेको आयोगको ठहर छ। सो मुद्दामा विशेष अदालतले २०८० फागुन १७ गते फैसला गरेको थियो।

# ५५ हात लामो योसिंद्यः ढालियो

**भक्तपुर/मस-** भक्तपुरको प्रसिद्ध बिस्का जात्राको पाँचौ दिन सोमबार भेलुखेलस्थित यसीँख्योमा ५५ हात लामो यसीद्यः (लिंगो) ढाल्ने जात्रा सम्पन्न भएको छ। पुरानो वर्षको बिदाइ र नयाँ वर्षको आगमनको अघिल्लो दिन उठाएको योसिंद्यःलाई तान्त्रिक विधिपूर्वक पूजाआजा गरी साँझ ६ बजेर ३२ मिनेटमा ढालिएको हो।



भैरवनाथको प्रतीक मानिने योसिंद्यःमा बाडिएको अष्टमात्रिकाको प्रतीक आठ वटा डोरी फुकाएर सबैतिर तानातान गरी ढाल्ने परम्परा छ। योसिंद्यःको जात्रा सम्पन्न भइसकेपछि तलेजुमा दुमाजुको विषेश पूजाआजा गरी यसीँख्योमा रहेको भैलखः र भद्रकालीको रथलाई गःहिटि पुर्‍याइ रथ जुधाउने जात्रा गर्ने परम्परा छ।

यो जात्रा हेर्नाले सुख, समृद्धि, सहकाल आउनुका साथै शत्रुहरु नाश हन्छन् भन्ने धार्मिक मान्यता रहेकाले यसलाई शत्रुहन्ता जात्रा पनि भन्ने गरिन्छ।

# १ वर्षमा २ लाख बढीले गरे पाथीभराको दर्शन

**ताप्लेजुङ/मस-** ताप्लेजुङस्थित प्रसिद्ध धार्मिकस्थल पाथीभरा मन्दिरमा विसं २०८१ मा दुई लाखभन्दा बढी भक्तजनले दर्शन गरेका छन्। सोही अवधिमा झन्डै तीन करोड पाँच लाखभन्दा बढी भेटीघाटी संकलन भएको छ।



पाथीभरा क्षेत्र विकास समितिका अनुसार, वर्षभरिमा दुई लाख २१ हजार ६०२ जना दर्शनार्थीले मन्दिरको दर्शन गरेका थिए।

तीमध्ये सबैभन्दा बढी कात्तिकमा ६१ हजार १७३ भक्तजन पाथीभरा पुगेका थिए। उक्त अवधिमा कुल रु तीन करोड पाँच लाख ५६ हजार १२ भेटीघाटी संकलन भएको समितिले जनाएको छ। आम नागरिक र सञ्चारकर्मीलाई जानकारी दिन तथा पारदर्शिता सुनिश्चित गर्न समितिले मासिक रूपमा दर्शनार्थी र भेटीघाटी विवरण सार्वजनिक गर्दै आएको छ। समितिका कार्यकारी निर्देशक प्रजिन हाङबाङका अनुसार पछिल्लो समय भारतसहित विभिन्न देशबाट श्रद्धालुहरूको उल्लेखनीय आगमन भइरहेको छ। साथै, पारदर्शिता कायम राख्न मासिक विवरण प्रकाशनको अभ्यासलाई निरन्तरता दिइएको छ।

विद्यालय भर्ना अभियान सुरु

# विद्यालय शिक्षा विधेयक पारित गर्ने प्रधानमन्त्रीको प्रतिबद्धता



**काठमाडौं/मस–** नयाँ शैक्षिकसत्र २०८२ को विद्यालय भर्ना अभियान सोमबारेदेखि शुरू भएको छ । 'सबै बालबालिकाको विद्यालयमा सहभागिता, गुणस्तरीय शिक्षाप्राप्तिको सुनिश्चितता' भन्ने नारासहित भर्ना अभियान शुरू भएको हो ।

विद्यार्थी भर्ना अभियानको शुभारम्भ प्रधानमन्त्री केपी शर्मा ओलीले गरेका छन् ।

अभियानलाई सफल पार्न प्रधानमन्त्री ओलीले आग्रह गरेका छन् उनले विद्यालय शिक्षा विधेयक २०८१ लाई छलफलसहित पारित गर्ने प्रतिबद्धता पनि व्यक्त गरेका छन् । शिक्षा क्षेत्रमा बजेटको अंश वृद्धि गर्दै दिगो विकासका लक्ष्य हासिल गर्न सरकार अघि बढिरहेको प्रधानमन्त्री ओलीको भनाइ छ ।

उनले नेपालको झन्डै २० प्रतिशत जनसंख्या अझै पनि निरपेक्ष गरिबीको रेखामुनि रहेको बताउँदै यस्तो अवस्थाको अन्त्यका लागि शिक्षा सबैभन्दा प्रभावकारी उपाय भएको उल्लेख गरे ।

प्रधानमन्त्री ओलीले विद्यार्थी टिकाउ दरमा अझै सुधार आवश्यक रहेको बताउँदै सीपमूलक, व्यावसायिक तथा प्राविधिक शिक्षामा लगानी बढाउने सरकारको प्राथमिकता रहेको बताए ।

प्रधानमन्त्री ओलीले सन् २०३० सम्ममा दिगो विकासको विश्वव्यापी लक्ष्यहरू हासिल गर्न विद्यालय शिक्षा साधारण प्राविधिकदेखि उच्च शिक्षासम्मका सिकाइलाई समावेशी र गुणस्तरीय बनाउनाका साथै सबै शिक्षण संस्थालाई उत्कृष्ट ज्ञान केन्द्रका रुपमा विकास गरी शिक्षालाई 'समृद्ध नेपाल, सुखी नेपाली' को राष्ट्रिय आकांक्षा पूरा गर्ने माध्यम बनाउनुपर्नेमा जोड दिए । उनले समृद्धिको एक आधारका रूपमा शिक्षा क्षेत्र रहेकाले गुणस्तरीय र रोजगारमूलक शैक्षिक जनशक्ति उत्पादनमा शिक्षाका सबै अभियन्तालाई लाग्न आग्रह गरे ।

'अहिले अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा र निःशुल्क माध्यमिक शिक्षाको लक्ष्य हासिलका लागि तीनै तहका सरकारबीच आपसी समन्वय, सहकार्य र सहअस्तित्वमा आधारित भएर लगानीमा साझेदारी अभिवृद्धि गर्नुपर्ने अवस्था रहेको छ,' प्रधानमन्त्रीले भने ।

प्रधानमन्त्री ओलीका अनुसार शिक्षामा भएको लगानी र स्रोत साधनको प्रभावकारी एवं रचनात्मक उपयोग गरी गुणस्तरीय शिक्षामार्फत रोजगारी तथा नैतिक आचारणयुक्त नागरिक र समाज निर्माण गर्नु आवश्यक छ । 'आफूसँग भएको विद्यालाई व्यवहारमा उतार्नु अहिलेको आवश्यकता हो । ज्ञानलाई व्याहारिकरूपमा र समाजको समग्र पक्षको भलाइका लागि प्रयोग गर्नुपर्छ । हामी शिक्षित भएर मात्रै हुँदैन विनयशील पनि हुनुपर्दछ,' उनले भने ।

यस्तै आन्दोलनरत शिक्षकहरूप्रति संकेत गर्दै प्रधानमन्त्री ओलीले न्यायपूर्ण मागहरूको सम्बोधनमा सरकार प्रतिबद्ध रहेको बताए । नयाँ शैक्षिकसत्र शुरू हुने समयमा लाखौं शिक्षक कर्मचारीहरू शिक्षा ऐन माग गर्दै काठमाण्डौमा आन्दोलित छन् । उनीहरूलाई विद्यार्थी भर्ना अभियानमा सहभागी हुन शिक्षामन्त्री विद्या भट्टराईले आग्रह गरिन् ।

# भाइरल हुन कांग्रेसीहरू जे पनि बोल्छन् : मन्त्री राणा




**काठमाडौं/मस–** भाइरल हुने नाममा कांग्रेसका नेताहरूले जे पनि बोल्ने गरेको आरोप परराष्ट्रमन्त्री एवं नेपाली कांग्रेसकी केन्द्रीय सदस्य डा. आरजु राणा देउवाले लगाएकी छन् । कांग्रेस नेताहरूले एकले अर्कालाई दोषारोपण गर्ने प्रवृत्ति पार्टीभित्र बढेको मन्त्री राणाले बताएकी छन् ।

इलामको श्रीअन्तुमा सोमबार नेपाली कांग्रेस इलामले आयोजना गरेको कार्यक्रममा बोल्दै उनले भाइरल हुने नाममा जे पनि बोल्ने प्रवृत्ति बढ्दै गएको र अझ बढी यो प्रवृत्ति नेपाली कांग्रेसमा देखिएको बताइन् ।

उनले भनिन्, 'आफूले मिडियामा कभरेज पाउनकै लागि कतिपय नेता एवं पार्टीकै विरुद्धमा पनि बोल्ने गरेको देखिन्छ । यसले कुनै व्यक्ति मिडियामा भाइरल त होला, तर त्यसले पार्टीलाई कति क्षति पुग्छ भन्ने कुराको पनि ख्याल राख्नु पर्छ ।' मन्त्री राणाले नेताहरूको यस्तो प्रवृत्तिले पार्टीका केन्द्रदेखि तल्लो तहका कार्यकर्ताहरूमा निराशा उत्पनन भएको बताइन् ।

कांग्रेस अहिले सरकारमै रहेको तर सरकारको विरोध पनि बढी कांग्रेसकै नेताहरूले गर्ने गरेको गुनासो उनले गरिन् । उनले भनिन्, 'आगामी निर्वाचनमा हामीले पार्टीलाई अहिलेको भन्दा ठूलो बनाउनुपर्ने छ । अरू पार्टीहरू 'मिसन ८४' भन्दै अघि बढेका छन्, तर हामी भने देशैभरिका कार्यकर्तालाई एकताबद्ध गरेर पार्टी मजबुद बनाउन लाग्नुको सट्टा आपसी विवाद गर्दै हिँडेका छौं ।'

मन्त्री राणाले पार्टीमा आफूलाई चित्त नबुझेका केही कुरा भए पार्टीभित्रै छलफल गर्न सुझाव दिइन् । उनले आफ्ना गुनासा र असन्तुष्टिहरू यसरी भाषण गर्दै हिँड्ने विषय नभएको पनि स्पष्ट पारिन् । वर्तमान पार्टी सभापति शेरबहादुर देउवाको अथक प्रयासबाट गएको स्थानीय तथा संसदीय निर्वाचनमा कांग्रेस सबैभन्दा ठूलो पार्टी बन्न सफल भएको उनको भनाइ छ ।

उनले आगामी निर्वाचनमा त झन् कुनै पार्टीसँग गठबन्धन नगर्ने भएकाले यो भन्दा झन् ठूलो पार्टी बनाउन अहिल्यैदेखि अभियान थाल्नुपर्ने जोड दिइन् । राणाले पार्टीमा महिलाको धेरै ठूलो योगदान रहेकाले महिलाको समानुपातिक सहभागिता हुनुपर्ने जोड दिइन् ।

# आन्दोलनमा सहभागी अमेरिकी नागरिकलाई डिपोर्ट गरिने




**काठमाडौं/मस–** राजसंस्थाका पक्षमा नाराबाजी गर्ने क्रममा पक्राउ परेका अमेरिकी नागरिकलाई सरकारले देश निकाला गर्ने निर्णय गरेको छ । गृह मन्त्रालयले अमेरिकी नागरिक ५८ वर्षीय जुलियन किर्पाललाई नेपाल प्रवेशमा २ वर्ष प्रतिबन्ध लगाउने गरी निष्कासन (डीपोर्ट) गर्ने निर्णय गरेको हो ।

गृह मन्त्रालयले किर्पाललाई नेपाल प्रवेशमा प्रतिबन्ध लगाउँदै तत्काल डीपोर्ट गर्ने निर्णय गरेको हो । उनलाई मंगलबार सम्ममा स्वदेश पठाउने तयारी रहेको अध्यागमन विभागका सूचना अधिकारी टिकाराम ढकालले जानकारी दिए ।

मन्त्रालयका अनुसार नेपालको राजनीतिक गतिविधिमा संलग्न भएको भेटिएपछि किर्पालविरुद्ध प्रतिबन्धसहितको डीपोर्ट गर्ने निर्णय गरिएको हो । १४ चैतमा अमेरिकी नागरिक किर्पाल माइतीघरबाट पक्राउ परेका थिए । उनले राजसंस्थाको पक्षमा नाराबाजी लगाउनुको साथै पम्पलेट पनि प्रदर्शन गरेका थिए । लगत्तै उनलाई काठमाडौं प्रहरीले पक्राउ परेको थियो । प्रहरी अध्यागमनमा बुझाएपछि किर्पालविरुद्ध अनुसन्धान गरिएको थियो ।

पर्यटक भिसामा नेपाल बस्दै आएका उनले पछिल्लो समय राजावादीहरूसँग निरन्तर भेटघाट गरेका थिए । 'पर्यटक भिसामा आएर नेपालको सार्वभौममाथि प्रहार हुने खालका कुनै पनि गतिविधि गर्न पाइँदैन । कानुनले नै त्यसलाई बन्देज लगाएको छ । तर अमेरिकी नागरिक जुलियन किर्पालले निरन्तर राजनीति गतिविधिमा संलग्न भएको पायौं । सोही आधारमा उहाँलाई डीपोर्ट गर्ने निर्णय गरिएको हो,' गृह मन्त्रालयका अधिकारीले भने ।

# डाक्टरहरूले दिए सरकारलाई ७२ घण्टे 'अल्टिमेटम'



**काठमाडौं/मस–** नेपाल चिकित्सक संघले सरकारलाई माग सम्बोधनका लागि ७२ घण्टे 'अल्टिमेटम' दिएको छ ।

संघका महासचिव डा.सञ्जिव तिवारीले सोमबार विज्ञप्ति निकाल्दै २ बुँदे माग सम्बोधनका लागि ७२ घण्टे 'अल्टिमेटम' दिएका हुन् । तोकिएको समयभित्र माग पूरा नभए देशका सम्पूर्ण चिकित्सकहरू चरणबद्ध आन्दोलनमा उत्रने उनले चेतावनी दिए ।

'आयोगले प्रकाशित गरेको सिट म्याट्रिक्समा १७ औं बैठकले पुनः थपेको सीट संख्या समेत जोडेर १ सीट पनि नघटाई भविष्यमा पनि पिजी सीट नघट्ने दिशामा जाने गरी अविलम्ब म्याचिङ प्रक्रियाको सुरुवात हुनुपर्‍यो । हाल स्नाकोत्तर तहमा अध्ययनरत आवासीय चिकित्सकहरूले एवं भोलिका दिनमा अध्ययन गर्न आउने आवासीय चिकित्सकहरूले आठौं तह बराबरको निवृत्तिभरण तत्काल पाउनुपर्‍यो', विज्ञप्तिमा भनिएको छ ।

चिकित्सा शिक्षा आयोगको १६ औं बैठकले सम्पूर्ण आवासीय चिकित्सकहरूलाई नेपाल सरकारको ८औं तहको मेडिकल अधिकृतले पाउने तलब बराबरको निवृत्तीभरण दिने निर्णय गरेको थियो । सो निर्णयको तत्काल एवं निःशर्त कार्यान्वयन नै संघको अन्तिम विन्दु हुने विज्ञप्तिमा उल्लेख छ ।

विगत लामो समयदेखि विभिन्न नीजि मेडिकल कलेजमा अध्ययनरत आवासीय चिकित्सकहरू एवं एमडी/एमएस/एमडीएस लगायत विभिन्न स्नात्तकोत्तर तहमा अध्ययन गर्न संघर्षरत परीक्षार्थीहरू आन्दोलनमा छन् । यता विगत लामो समयदेखि विभिन्न माग राखेर आवासीय चिकित्सकहरू आन्दोलनमा छन् ।

नीजि मेडिकल कलेजमा अध्ययनरत आवासीय चिकित्सकहरू एवं एमडी/एमएस/एमडीएस लगायत विभिन्न स्नातकोत्तर तहमा अध्ययनरत चिकित्सहरू आन्दोलन गर्दै आएका हुन् ।

सरकारी चिकित्सक सरह निर्वाह भत्ता उपलब्ध गराउनुपर्ने मागसहित आन्दोलन गर्दै आएका उनीहरूसँग सरकारले सहमति गरेको थियो । उनीहरूले 'नो पे, नो वर्क'जस्ता नारा लगाउँदै हरेक दिन माइतीघरमण्डलामा पुगेर प्रदर्शन गर्दै आएका छन् । नीजि मेडिकल कलेजमा कार्यरत चिकित्सकहरूले समेत कलेजमै विरोध प्रदर्शन गर्दै आएका छन् । स्वास्थ्यकर्मीका लागि सुरक्षित कार्यस्थल संघर्ष समितिले सरकारी सरह पारिश्रमिक नदिने नीजि मेडिकल कलेजहरूको सम्बन्धन खारेज, बीमा लगायत सरकारी अनुदान सम्पूर्ण कार्यक्रम रद्द गर्ने लगायतका कारवाही गर्ने निर्णय गर्न माग गरेको छ ।

# दुर्घटनामा १ को मृत्यु, १० घाइते



**काठमाडौं/मस–** गोरखामा मोटरसाइकल दुर्घटनामा परी एक जनाको मृत्यु भएको छ ।

काठमाडौंबाट गोरखा जाँदै गरेको बा ८८प ९७६२ नम्बरको मोटरसाइकल दुर्घटनामा घाइते भएका गोरखको भीमसेनथापा गाउँपालिका-६ अश्राङका २४ वर्षीय केशव पाण्डेको मृत्यु भएको हो । उनको गोरखा अस्पतालमा उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ ।

गोरखा नगरपालिका-९ ठिँगुरेस्वाँरास्थित सडकमा पल्टेर मोटरसाइकल दुर्घटना भएको थियो । मोटरसाइकलको पछाडि सवार १८ वर्षीय रवीन पाण्डेको गोरखा अस्पतालमा सामान्य उपचार गरी थप उपचारका लागि काठमाडौंको वीर अस्पतालमा पठाइएको छ ।

यस्तै, बागलुङको तमानखोला गाउँपालिका–२ बोङ्गादोभानमा सवारी दुर्घटना हुँदा १० जना घाइते भएका छन् ।

सोमबार बोङ्गादोभानबाट भयरकटेरीटतर्फ जाँदै गरेका ग १ ज ५७०५ नम्बरका पिक अप जिप उकालोमा ब्रेक फेल भई सडकमा पल्टिदा १० जना घाइते भएको जिल्ला प्रहरी कार्यालय बागलुङले जनाएको छ । जिपमा सवारी चालकसहित ११ जना रहेको प्रहरीले जानकारी दिएको छ ।

मातातीर्थ सबस्टेसनमा आगलागी

# ३ सदस्यीय छानबिन समिति गठन गरिने

**काठमाडौं/मस–**काठमाडौंको मातातीर्थ सबस्टेशनमा आइतबार दिउँसो अचानक भएको आगलागीका कारण अवरुद्ध भएको विद्युत् आपूर्ति क्रमशः पुनः सुचारु हुँदैछ । नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यका अनुसार तीन दिनभित्र सबै प्रभावित क्षेत्रमा आपूर्ति पूर्णरूपमा सुचारु हुनेछ ।

ब्रेकर प्यानलको स्वीच सञ्चालन गर्दा स्पार्क भइ आगलागी भएको प्रारम्भिक अनुमान गरिएको छ । तर यो ठेकेदारको लापरबाहीबाट मात्रै हो कि कसैले जानीबुझी गराएको हो भन्ने विषयमा तीन सदस्यीय छानबिन समिति गठन गरी सत्यतथ्य पत्ता लगाइने प्राधिकरणले जनाएको छ ।

'घटनाको यथार्थ पत्ता लगाई दोषीमाथि कारबाही गरिनेछ,'शाक्यले बताए । उनका अनुसार, जलेका उपकरण निर्माण कम्पनीमार्फत प्रतिस्थापन हुनेछन् भने तत्कालका लागि स्युचाटार सबस्टेशनबाट सेवा रिरोटिङ गरी अधिकांश क्षेत्रमा आपूर्ति बहाल गरिएको छ । बूढानिलकण्ठ र चपली सबस्टेशनबाट स्वीच गियर ल्याएर आवश्यक मर्मत कार्य तीव्र रूपमा अगाडि बढाइएको छ । आगलागीका कारण चन्द्रागिरि आसपासको क्षेत्रमा भएको विद्युत् अवरुद्ध सोमबारबाट पुनः सञ्चालनमा आएको शाक्यले स्पष्ट पारे । यस घटनाले काठमाडौं उपत्यकामा निर्माणाधीन भूमिगत केबल प्रणालीको विश्वसनीयता र प्राविधिक सावधानीमाथि समेत प्रश्न उठाएको छ । प्रणालीको दीर्घकालीन स्थायित्वका लागि व्यापक मूल्यांकन र सुधार आवश्यक रहेको सरोकारवालाहरूको भनाइ छ ।

# महालक्ष्मी नगरपालिका– ९ का जेष्ठ नागरिकलाई तीर्थाटन

**दीपकप्रसाद घिमिरे/मध्यान्ह**
ललितपुर, १ वैशाख



ललितपुर महालक्ष्मी नगरपालिका-९ द्वारा जेष्ठ नागरिकलाई चितवन,तनहुँ र नवलपराशीको त्रिवेणीमा रहेको देवघाटमा तिर्थाटन यात्रा गराइएको छ ।

तीर्थाटन ०८१ चैत २९ गते बिहान सुरु भएको यात्रा देवघाट पुगेर बास बसी चैत ३० गते बिहानै देवघाटमा स्नान, भजन किर्तन र प्रवचन सुन्ने कार्यपछि भोजन गरी ललितपुरतर्फ फर्काइएको थियो । यात्रीहरु चैत ३० गते बेलुकी गन्तव्यमा पुगेको वडाध्यक्ष जयकृष्ण बोगटीले जानकारी दिए ।

४ वटा पर्यटकीय बसमा वडा सदस्यहरू शशिधर पोखरेल, सरिता पोखरेल, बेली सुर्खेती, कुमार बयलकोटी र वडा सचिव नारायण कुमार श्रेष्ठको नेतृत्वमा कर्मचारी समेत, स्वास्थ्यकर्मी र स्वयम्सेवीका समेतको सहयोगमा ८५ जना ज्येष्ठ नागरिकलाई तीर्थाटन गराइएको वडा सचिव नारायण कुमार श्रेष्ठले जानकारी दिए । ज्येष्ठ नागरिकको स्वास्थ्यलाई मध्यनगर गर्दै हरेक गाडीमा औषधीदेखि स्वास्थ्यकर्मी, खाजा, फलफूलको समेत व्यवस्था गरिएको थियो । बुढेसकालमा टोलछिमेकमा पुराना दौतरीसँग ऐतिहासिक भूमि देवघाटको भ्रमण गर्न पाउँदा जेष्ठ नागरिकहरू हर्षित भएका थिए ।

नगर प्रमुख हरिगोबिन्द श्रेष्ठ, नगर उपप्रमुख लक्ष्मी महर्जनले जेष्ठ नागरिकहरुलाई शुभयात्रासहित सफल भ्रमणको शुभकामना दिँदै बिदाइ गरेका थिए । उमेरले ८२ वर्ष पुगेका ज्येष्ठ नागरिक रामनाथ शर्मा पौडेलले समय परिस्थितिअनुसार भेटघाट नभएको अवस्थामा ज्येष्ठ नागरिकले एक आपसमा विचार आदान -प्रदान, भेटघाट र परिचयमा थप निखरता ल्याएको बताए । स्थानीय सरकारले ज्येष्ठ नागरिक लक्षित कार्यक्रम के कसरी गर्न सक्छन् र उनीहरुप्रति कस्तो जवाफदेहिता प्रदर्शन गर्छन् भन्ने उदाहरण प्रस्तुत गर्न पनि यो कार्यक्रम आयोजना गरिएको वडाध्यक्ष बोगटीले बताए ।

वडा सदस्य शशिधर पोखरेलले ज्येष्ठ नागरिक तीर्थाटनलाई व्यवस्थित गर्न ६८ वर्षभन्दा पहिला भिन्न-भिन्न पेशा व्यवसाय गरेका ज्येष्ठ नागरिकको अनुभव आदान प्रदानका साथै आन्तरिक पर्यटन विकासमा राज्यलाई टेवा पुग्ने विश्वास लिइएको बताए ।

# चीनको चचिआङमा नेपाल मण्डप



**काठमाडौं/मस–** ललितपुर महागनरपालिकाका मेयर चिरिबाबु महर्जन र बेइजिङस्थित नेपाली राजदूत कृष्णप्रसाद ओलीले चीनको तटीय प्रान्त चचिआङको हाङ्चाओमा नेपाल मण्डप उद्घाटन गरेका छन् ।

हाङचाओ सहरका उपमेयर चन वेइछिआङसमेत सहभागी उद्घाटन गरिएको मण्डपले उक्त शहरमा नेपाल चिनाउने र नेपाल-चीन कूटनीतिक सम्बन्ध स्थापनाको ७० वर्षगाँठको अवसरमा राम्रो कदम भएको राजदूत ओलीले बताए ।

यस्तै, मेयर महर्जनले ललितपुरको सम्पदा क्षेत्रको मौलिकताको चर्चा गरेर सन २०२५ मा चीनले नेपाल भ्रमण वर्षको मान्यता दिएको भन्दै नेपाल आउन आग्रह गरे ।

हाङचाओका उपमेयरले नेपाल र चीन जोड्ने आधार बुद्ध धर्म भएको भन्दै नेपाल मण्डल ललितपुर र हाङचाओको मित्रताको बिम्ब बन्ने बताए । जी-२० सम्मेलनदेखि एसियाली खेलकुदसम्म भएको हाङचाओ सहरमा वीपी कोइराला र माओको पनि भेट भएको थियो । यो चीनको व्यापारिक नगर सांघाई नजिकै रहेको अर्को पूर्वी चीनको चर्चित सहर हो ।

**लिलाम विक्रीको सूचना**

**प्रथम पटक सूचना प्रकाशित मिति २०८२/०१/०२**

यस सा.व.उ.स.बाट संकलित खयर काठ १९७.२९ क्यू फिट (हर्ट उड) लिलाम विक्री गर्नु परेकोले सुचीकृत उद्योगहरूलाई यो २१ दिने सूचना प्रकाशित गरिएको छ । थप जानकारीको लागि समूहमा सम्पर्क राख्न सकिनेछ ।

**खोरादी सा. वन उपभोक्ता समूह, शुक्लागण्डकी १० तनहूँ ।**

**Vacancy Announcement**

One of the reputed recruitment manpower agency is seeking for following applicants.

Documentation - 2 (Male/Female)
Public Relation Officer (PRO) - 3 (Male/Female)
Interview Co-Ordinator - 1 (Male/Female)

SALARY Negotiable

**Requirements:**
- Educational qualification +2 pass.
- Should know Nepali & English typing, With computer Knowledge.
- Minimum 2 years experience in the recruitment field.

★ Send your cv on office mail : prudentialnpl@gmail.com

**Cell Number: 9802002032**

**कर्मचारी आवश्यकता**

यस S.K. Manpower Service Pvt.Ltd. लाई अनुभवि तथा प्रभावशाली कर्मचारी पुरुष PRO र महिला Documentation आवश्यकता परेको हुँदा इच्छुक उम्मेदवारहरुले यस प्रा.लि.मा सम्पर्क गर्नुहोला ।

| क्र.स. | पद | संख्या | लिङ्ग | आवश्यकता न्युनतम योग्यता |
|---|---|---|---|---|
| १ | Public Relation Officer (PRO) | २ | पुरुष (Male) | 10+2 पास, 2 Yrs Experience (तराईबासीलाई बिशेष प्राथमिकता) |
| २ | Documentation | २ | महिला (Female) | Bachelor Pass/ Diploma in Computer, 2 Yrs Experience |

नोट :तलब आपसी साझेदारीमा हुनेछ ।

**S. K. MANPOWER SERVICE PVT.LTD.** Govt. Lic. No. 1742/081/082
Ananda Nagar, Swayambhu-15, Kathmandu, Nepal, Tel +977-1- 5923247,9867603708, 9708953611, 9869757535, Email: skmanpower1742@gmail.com, Web: www.skmanpowernepal.com

## सम्पादकीय

# देश र जनताप्रति इमान देखाऊ

राजनीति भन्नु देशको मूल नीति मानिन्छ । नागरिक अर्थात् जनता देशका प्रमुख आधार हुन् । जनताको सर्वोपरि हित नै राजनीतिको प्रमुख लक्ष्य हो र हुनुपर्छ । जनताका आधारभूत आवश्यकता पूरा गर्ने, सुरक्षा र संरक्षण प्रदान गर्ने, विपद्बाट रक्षा र उद्धार गर्ने, गाँस, बास, कपास, स्वास्थ्य र शिक्षा जस्ता आधारभूत कुराहरूको परिपूर्ति गर्ने मूल दायित्व राज्य वा सरकारको हो । कुनै पनि सरकार वा राज्य यी आधारभूत दायित्वबाट चुक्नु भनेको शासन प्रणाली र शासकमाथि गम्भीर प्रश्न उठ्नु नै हो ।

विगतदेखि नै नेपाली समाज अस्थिर र गञ्जागोल राजनीतिक वातावरणबाट गुज्रिँदै आएको यथार्थ छ । निरंकुश राजाका काल, जहानियाँ राणाकाल, निर्दलीय पञ्चायतकाल हुँदै गुज्रिएको नेपाली राजनीति अझ भनुँ नेपाली राज्य व्यवस्थाले छोटो समय लोकतन्त्रको अनुभूति सँगालेको छ । यद्यपि, विविध कारणले नेपालमा लोकतन्त्रले फस्टाउने अवसर पाइरहेका छैन । पटक–पटक लोकतन्त्रमाथि गम्भीर प्रहार भइरहेका छन् । यसो हुनुमा कारक र जिम्मेवार के र को ? भन्ने प्रश्न पनि अन्यथा हुँदैन । सरसर्ती हेर्ने हो भने एउटा धुमिल चित्र अगाडि आउँछ– नेपाली शासकहरूको गैरजिम्मेवारी, मनोमानी, होपाइ, स्वार्थीपना यसका कारणका रूपमा देखिन्छन् ।

पछिल्लो समय २०६२/०६३ सालको दोस्रो जनआन्दोलनको उपलब्धिस्वरूप नेपालले शदियौंदेखि भोग्दै आएको वंशवादी राजतन्त्रबाट मुक्त भई गणतन्त्रको यात्रा तय गरेको छ । यसबीचमा संविधानसभाका २ वटा निर्वाचन भई जनताको संविधान जारी भई लागूसमेत भइसकेको छ । देश ३ तहका सरकारबाट संचालित छ । शक्ति र स्रोत विकेन्द्रीकरणको अभ्यास जारी छ । तर, देशको राजनीति भने अस्थिर बन्दै गइरहेको छ । जनताले रैतीबाट नागरिक हुन पाएका खुसीमा रमाउन थालेको २ दशक नहुँदै पुनः व्यवस्था परिवर्तनका माग उठिरहनु सुखद होइन । यसमा हाम्रा लोकतान्त्रिक/गणतान्त्रिक भनिएका राजनीतिक दलहरूको अकर्मण्यता, गैरजिम्मेवारी, अनैतिकता, लापरवाह त कारक बनेको छैन ? देश र जनताको हितभन्दा बढी आफ्ना निहित स्वार्थमा दलहरू, दलका नेताहरू र सत्ताधारीहरू अलमलिइरहेका कारण त यस्तो अवस्था आइरहेको छैन ? गम्भीर भएर आत्मसमीक्षा गर्दै सबै पक्ष सच्चिनु आवश्यक छ ।

# कृषि उद्यमशीलतामा 'जेन–जी'को आवश्यकता

*नेपालमा प्रशस्त उत्पादन हुने भए पनि उत्पादन गर्नभन्दा आयात गर्न जोखिम कम छ । कृषिजन्य उत्पादन यति संवेदनशील हुन्छ कि सानो समस्या हुँदा पनि त्यसको असरले कृषकको वर्षभरको आम्दानी गुम्छ...*

अग्रलेख



● ध्रुव न्यौपाने

सन् १९९७ देखि २०१२ बीचमा जन्मिएका पुस्तालाई जेनेरेसन-जेड अर्थात् 'जेन-जी' पुस्ताको रूपमा विश्वभर नै हेर्ने गरिएको छ । धेरै नै आशा र अपेक्षा गरेको पुस्ता हो यो । प्रविधीमैत्री र स्टार्टअपमा 'जेन-जी' (१३ देखि २८ वर्ष) पुस्ताको रुचि अत्यन्तै देखिन्छ ।

व्यक्तिगत रूपमा यो पुस्ताले विश्वभर नै केही नयाँ र फरक गर्ने कोसिस गरिरहेको छ । तर, नेपालमा अधिकांश 'जेन-जी' पुस्ताको मनोविज्ञान विदेशमोहमा देखिन्छ । सरकारले यो पुस्तालाई देशमै अवसर र सम्भावना नदेखाउँदा 'जेन-जी' पुस्ता स्वदेशमा भन्दा विदेशमा कसरी पलायन हुने भनेर अवसर खोजिरहेको देखिन्छ ।

नेपालका ग्रामीण बस्तीदेखि शहर बजारमा समेत यो पुस्ता विदेशमोहमै भौंतारिरहेको छ ।

गाउँगाउँमा सरकारले ठूलो लगानी गरेर सडक, बिजुली, पानीदेखि स्वास्थ्य उपचारका लागि अस्पतालदेखि एम्बुलेन्ससम्मको पहुँच पुऱ्याइदिएको छ तर किन गाउँमा 'जेन-जी' पुस्ता अटाउन सकिरहेको छैन ?

हामीले नेपाल अपार सम्भावना भएको मुलुक हो भनेर वर्षौंदेखि भनिरहेका छौं । देश बनाउने जिम्मा दिएका जनप्रतिनिधिहरूले पनि चुनावदेखि सत्तामा पुग्दासमेत नेपालको सम्भावनाको भाषण गरेका सुनेर थाक्ने बेला भयो तर देशले मुहार फेर्ने किन सकिरहेको छैन ?

स्वर्ग जस्तो सानो देशमा जन्मिएर पनि हाम्रा युवा पुस्ता देशमा अडिन सकिरहेका छैनन् । कृषि, पर्यटन, जलस्रोत, जडीबुटीबाटै नेपालको मुहार फेर्न सकिन्छ भनेको कति वर्ष भयो तर समस्या उस्तै किन छन् ? हामीलाई थाहा हुँदाहुँदै पनि आफ्नो विशेषता बुझ्न नसक्दा कस्तुरीझैं हामी देश छाडेर विदेशमा कुनाकुनामा पुग्न लालायित भइरहेका छौं ।

'जेन-जी' पुस्ताले किन आफ्नो जन्मभूमिमा सम्भावना देख्न सकिरहेको छैन ? कृषि, पर्यटन, जलविद्युत्लगायतका क्षेत्रमा सम्भावना देख्न सकेको छैन । नेपालबाट दक्षिण कोरियामा कृषिमा काम गर्नका लागि हजारौं 'जेन-जी' पुस्ता ईपीएस पढ्नका इन्ष्टिच्युट धाइरहेका छन् तर नेपालमा किन काम गर्न चाहिरहेका छैनन् ?

नेपालमा कृषिको बजारलाई हामीले आत्मनिर्भर बनाउन नसक्दा नेपालमा भन्दा कोरियामा सम्भावना देख्ने 'जेन-जी' पलायन भइरहेको छ । पछिल्लो समय विदेशमा लामो समय काम गरेर फर्कनेहरूले कृषिमा गरेको सफलताको कथामा हाम्रो चासो किन गइरहेको छैन ? नेपालको कृषिमा क्षेत्रमा लाग्ने जनसंख्या ८० बाट घटेर ६० प्रतिशतमा झरेको छ । यो अझै घट्ने क्रममै छ किनभने कृषि भू-भागमा अहिले घडेरी बनाइएको छ ।

विदेशबाट आएको पैसा घर र घडेरी जोड्नै सकिएको छ । तर, कृषिमा लगानी गरेर प्रतिफल आउँछ भन्नेभन्दा घर बनाएर फेरि विदेश जाने संस्कार देशैभर देखिन्छ । पछिल्लो समय नेपालबाट कृषि श्रमशक्ति विदेश पलायनको डरलाग्दो रूप देखिँदै गएको छ ।

अहिले आमअभिभावकको आफ्ना छोरा-छोरीलाई नेपाल बस्नभन्दा विदेश गए छोटो सयममै धेरै पैसा कमाउँछन भन्ने सोच छ । विदेश गएकाहरूले हप्ता दिन काम गरेर १ दिन काम गरेको तस्बिर सामाजिक संजालमा पोस्ट गर्दा 'जेन-जी' पुस्तामा समेत नेपालमा भन्दा विदेश जानुपर्छ भन्ने धारणा बनाउन सहयोग गरिरहेको छ ।

तर, सरकारले कृषिमा 'जेन-जी' पुस्तालाई लगाउने हो भने नेपालमा



आयात हुने कृषिजन्य उत्पादनलाई चर्को कर लगाउने र नेपालको कृषिलाई क्षेत्रका आधारमा पकेट क्षेत्र घोषणा गर्ने हो भने २ वर्षमै यहाँको कृषि क्षेत्रले नयाँ स्वरूप लिन सक्छ ।

नेपालको भौगोलिक विविधतालाई, हिमाल, पहाड र तराईको क्षेत्रलाई पकेट क्षेत्र छुट्याएर काम गर्ने हो भने हामी कृषिमा आत्मनिर्भर हुन ५ वर्ष पनि लाग्दैन ।

'जेन-जी' पुस्ता छिटो धनी हुन चाहन्छ किनभने यो पुस्ताले सहज रूपमा आम्दानी गर्न चाहिरहेका् छ । त्यसैले, यो पुस्ता इन्टरनेट र प्रविधीमै झुम्मिइरहेको छ ।

नेपालको कृषिजन्य उपजलाई अनलाइन व्यापार र कृषिलाई व्यावसायिक उत्पादनका लागि उच्चस्तरीय प्रविधिको प्रयोगलाई सरकारले नै प्रथामिकतामा राख्न जरुरी छ ।

**उत्पादन र आत्मनिर्भरता**

नेपालमा उत्पादन गर्नेभन्दा विदेशबाट आयात गरेर विक्री गर्ने धेरै उद्यमी व्यवसायी छन् । यसले व्यापारमा 'रिस्क' कम गर्दै नाफामा प्रतिशत खाने र राज्यलाई केही राजस्व तिर्ने मात्र भएको छ । यो नेपालका लागि दीर्घकालीन समाधान होइन ।

नेपालमा आएको रेमिटयान्स हामी विदेशबाट उपभोग्य सामान आयातमै खर्च गरिरहेका छौं । योजत्तिको बिडम्बना केही होइन ।

नेपालमा आवश्यक प्रविधि आयात गर्नुपरे पनि कृषि उपज आयातमा कडाइ नगर्दासम्म नेपालको कृषि क्षेत्र आत्मनिर्भर बन्न सक्दैन । नेपालको बढ्दो व्यापारघाटालाई सन्तुलित बनाउनका लागि हामीले नेपालमा यस्ता उद्योगहरू संचालन गरौं, जसले नेपालमा उत्पादन हुने कच्चा प्रदार्थलाई प्रशोधन गरेर आयातीत वस्तुलाई रोक्न सकियोस् ।

नेपालमा उत्पादन हुने कृषिजन्य उत्पादनलाई प्रोत्साहन गर्नका लागि सरकारले कृषकमैत्री नीति बनाउन आश्वयक छ । नेपाली युवा जनशक्ति कामका लागि खाडी मुलुक जानुपर्ने तर हाम्रो उर्वर कृषि भूमि बाँझो हुने अवस्था रोक्नका लागि उत्पादनमा आत्मनिर्भर बन्नेतर्फ लाग्नुपर्छ ।

पछिल्लो सयम विदेश गएर फर्केका नेपालमा युवा पुस्ता कृषिमा सम्भावना देखेर काम गर्न थालेका छन् । कतिले राम्रो गरिरहेका छन् भने कति आशावादी छन् । कृषिमा आकर्षण भएकालाई सम्भावना देखाउनका लागि यो सही समय हुन सक्छ ।

नेपालमा काम गर्नेलाई प्रोत्साहन दिने हो भने नेपालमा ठूलो लगानीभन्दा सानोसानो लगानीबाट नै आत्मनिर्भर बन्न सकिन्छ । यस्तै, नेपालमा कृषि क्षेत्रलाई माथि उठाउनका लागि सामूहिक रूपमा लगानी र सामूहिक प्रतिफलको अभ्यास गर्ने हो भने कृषि क्षेत्र फस्टाउन सक्छ ।

नेपालमा मिहिनेत गरे के हुँदैन भन्ने बिदेशबाट फर्केकाहरूले देखाएका उदाहरण धेरै छन् । स्वर्ग जस्तो देशमा हामीले काम भन्दा पनि गफ धेरै गर्ने संस्कारको विकास हुँदा समृद्धिमा असर परेको छ । अब हाम्रो सोच नै बदल्नु आवश्यक छ ।

नेपालमा हुने कृषि खेती परम्परागत हुँदा आत्मनिर्भर हुन कहिल्यै सकेन । कृषिलाई व्यावसायीकरणका लागि जेन-जी पुस्ता अहिले जसरी विदेश पलायन भएका छन्, उनीहरूलाई रोक्नु नै पर्छ । नयाँ पुस्तालाई साना तथा घरेलु उद्योगदेखि उद्यमी बन्नका लागि प्रोत्साहन गरे मात्र नेपालको समृद्धि हुन्छ ।

**आयातमा भन्दा उत्पादनमा जोखिम**

नेपालमा प्रशस्त उत्पादन हुने भए पनि उत्पादन गर्नभन्दा आयात गर्न जोखिम कम छ । कृषिजन्य उत्पादन यति संवेदनशील हुन्छ कि सानो समस्या हुँदा पनि त्यसको असरले कृषकको वर्षभरको आम्दानी गुम्छ ।

नेपालमा राम्रो उत्पादन भएको समयमा भारतबाट यसरी कृषि उपज भित्रिन्छ कि नेपालमा उत्पादन भएका वस्तुहरू कौडीको मूल्यमा समेत विक्री हुँदैनन् । नेपाली उत्पादन एक सिजनमा विक्री भएन भने अर्को सिजनमा किसानले कृषि गर्ने हिम्मत नै आउँदैन । त्यसपछि आयातीत कृषि उत्पादनमा व्यवसायीले मनलाग्दी रूपमा नै मूल्य बढाउने हुँदा त्यसको असर आमउपभोक्तलाई पर्छ । तर, यस्तो गम्भीर विषयमा कसैलाई चासो नै छैन ।

नेपालको कृषि क्षेत्रलाई अगाडि बढाउने हो भने नेपालमा उत्पादन हुने कृषि उत्पादनलाई बढावा दिई आयातमा रोक लगाउने वा भन्सार मूल्य अधिक बनाउने हो भने नेपालमै उत्पादन गर्न कृषकमा उत्साह आउँछ ।

कृषिमा आत्मनिर्भर बनाउने चर्चा र बहस हुन लागेको वर्षौं हुँदासमेत कृषिमा हाम्रो परनिर्भरता बढ्दै गएको छ । कृषिमा श्रम अत्यधिक हुन्छ तर त्यसबाट प्रतिफल निकै कम हुँदा यसमा सरकारको साथ अति नै आवश्यक छ । कृषिमा प्रतिफल दिन सकिन्छ भन्ने तथ्यमा अहिलेको जेन-जी पुस्तालाई विश्वस्त बनाउनका लागिसमेत कृषिमा क्रान्ति गर्न आवश्यक छ ।

*▸ लेखक पैचो पसल प्रा.लि.का प्रवन्ध निर्देशक हुनुहुन्छ ।*

## इतिहासमा आज

१५ अप्रिल १९१२ मा ब्रिटिस लक्जरी लाइनर उत्तरी एट्लान्टिकमा डुब्दा १ हजार ५०० भन्दा बढी मानिसको मृत्यु भएको थियो ।



१५ अप्रिल १९८९ मा बेलायतको सेफिल्डको हिल्सबरो स्टेडियममा फुटबल प्रशंसकहरूबीच दौडधुप मच्चिँदा ९७ जनाको मृत्यु भएको थियो ।



१५ अप्रिल २०१३ मा बोस्टन म्याराथन फिनिस लाइनमा प्रेसर कुकरबाट बनेका २ वटा बम विस्फोट हुँदा ३ जनाको मृत्यु र २६० भन्दा बढी घाइते भएका थिए ।



१५ अप्रिल १८६५ मा फोर्डको थिएटरमा जोन विल्क्स बुथ नामक व्यक्तिले गोली हानी अब्राहम लिंकनको हत्या गरेका थिए, जुन घटनाको केही घण्टाअघि मात्र एन्ड्र्यु जोन्सनले १७औं राष्ट्रपतिको शपथ लिएका थिए ।



# प्राथमिकतामा पर्यटन उद्योग कहिले ?

विचार



● अस्मिता बम

*तारे होटलको संख्या बढ्दै जाँदा उच्च प्रोफाइलका पर्यटकसमेत भित्राउन सकिएको छैन । खर्बौंको लगानी गरेर खोलिएको पाँचतारे होटलदेखि गेस्ट हाउससम्ममा लगानी गरेका व्यवसायी अहिले पर्यटकलाई होटलमा स्वागत गर्न आतुर छन्...*

प्राकृतिक सौन्दर्य, सांस्कृतिक सम्पदा र भौगोलिक वातावरणका कारण पर्यटकका लागि नेपाल आकर्षणको केन्द्र हो । विश्वभरबाट नेपाल आउने पर्यटकका लागि नेपाल सुन्दर देशका रूपमा चित्रित गरेको पाइन्छ । ८ हजारभन्दा माथिका हिमाल, पहाड र तराईको समथर भू-भागदेखि प्रत्येक १० किलोमिटरमा हुने मौसम परिर्वतन जस्ता कारणले नेपाललाई पर्यटकीय गन्तव्य साँच्चै नै रमणीय छ ।

विश्वमै अग्लो स्थानमा रहेको सगरमाथा, गौतमबुद्धको जन्मस्थल लुम्बिनी, हिन्दुहरू एक पटक पुग्नै पर्ने पशुपतिनाथ मन्दिर, राष्ट्रिय निकुञ्ज, नदीनाला, ताललैयालगायतका कारणले प्राकृतिक र धार्मिक पर्यटकलाई नेपाल ल्याउन सक्ने हो भने नेपाल पर्यटन क्षेत्रबाट एक दशकमै समुन्नत बन्न सक्छ ।

नेपाललाई प्राकृतिले नै अनुपम सौन्दर्य दिएको छ । पूर्वदेखि पश्चिमसम्म र उत्तरदेखि दक्षिणसम्म हरेक स्थानको आफ्नै महत्त्व छ । देशभरमै आफ्नो-आफ्नो पहिचान दिन सक्ने स्थान छन् । जुन कुनामा गए पनि प्राकृतिक मज्जा पर्यटकले लिन सक्ने स्थान छन् ।

त्यसैले, नेपाल पर्यटक भित्र्याउनेतर्फ मात्र केन्द्रित हुने हो भने नेपालबाट दिनहुँ २ हजारभन्दा बढी जनशक्ति रोजगारीका लागि खाडी मुलुकमा जानुपर्ने थिएन । नेपालको पर्यटकको बजारका लागि हाम्रा २ छिमेकी मुलुक भारत र चीनमा मात्र केन्द्रित हुन सकिन्छ । २ देशको जनसंख्याको १ प्रतिशतलाई मात्र नेपाल ल्याउन सक्ने हो भने नेपालमा पर्यटकको चाप थाम्न नसक्ने अवस्था हुन् ।

त्यस्तै, सार्क मुलुकदेखि युरोप, अमेरिकालगायतका स्थानमा सधैं आउने पर्यटकसमेत नेपाल ल्याउनका लागि केही प्याकेजका कार्यक्रम मात्र बनाइदिने हो भने हामी पर्यटकका लागि चिन्ता लिनुपर्ने अवस्था छैन । पछिल्लो समय नेपालमा जसरी पर्यटकलाई लक्षित गरी होटल व्यवसायमा लगानी भएको छ, निजी क्षेत्रले पर्यटन क्षेत्रमा धेरै नै सम्भवना देखेका छन् ।

पर्यटन क्षेत्रलाई दीर्घकालीन रणनीतिअनुसार विकास गर्ने हो भने नेपालको आर्थिक समृद्धिको आधार नै पर्यटन क्षेत्र बन्ने निश्चित छ । पछिल्लो समय नेपालमा तारे होटल र विश्वका चर्चित तारे चेन होटलहरूसमेत भित्रिरहेका अवस्थामा पर्यटक आगमनका लागि प्रचारप्रसार गरिरहेकै देखिन्छ ।

लगानीकर्ताले देशैभर होटलमा लगानी गरिरहेका छन् । उनीलाई आत्मविश्वास र थप लगानी गर्न उत्सुक बनाउनका लागि सरकारको पहिलो प्रथामिकता पर्यटन उद्योग हुन आवश्यक छ । तारे होटलको संख्या बढ्दै जाँदा उच्च प्रोफाइलका पर्यटकसमेत भित्र्याउन सकिएको छैन । खर्बौंको लगानी गरेर खोलिएको पाँचतारे होटलदेखि गेस्ट हाउससम्ममा लगानी गरेका व्यवसायी अहिले पर्यटकलाई होटलमा स्वागत गर्न आतुर छन् ।

नेपालका प्रमुख पर्यटकीय शहर काठमाडौं, पोखरा, चितवन, नेपालगन्जदेखि रारासम्म नै होटल, रिसोर्ट बन्ने क्रम बढ्दो छ । अब देशको समुन्नतिका लागि पर्यटन उद्योगका पूर्वाधारमा ध्यान दिन जरुरी छ । हाम्रोमा पूर्वाधार निर्माणमा देखिएको ढिलासुस्तीको असर पर्यटन क्षेत्रले भोगिरहेको छ । लुम्बिनी, पोखरालगायत ग्रामीण क्षेत्रमा जाने सडक पूर्वाधारको अवस्था दयनीय नै छ ।

पूर्वाधारमा विकासको गति कम हुँदा नेपाल घुम्न आउने पर्यटकले सास्ती खेप्नुपरेको वर्षौं भयो । हवाई यात्रासमेत त्यति सहज छैन । पर्यटकलाई यात्रा असहज हुँदा नेपालप्रतिकै धारणा नकारात्मक बन्न नदिनसमेत पूर्वाधारमा लगानी गर्न धेरै नै बाँकी छ ।

कोभिड- १९ महामारीले पारेको असर अझै पर्यटन क्षेत्रमा परेको छ । अन्य मुलुकहरू पर्यटन क्षेत्रलाई पुनरुत्थान कार्यक्रम ल्याएर अगाडि बढे पनि नेपालले ठोस पहलकदमी देखाउन नसक्दा पर्यटक आगमन बढ्न सकेको छैन । पछिल्लो समय शहरमा मात्र नभएर प्राकृतिक सुन्दरता भएका डाँडाकाँडा भएका स्थानमा होमस्टेदेखि रिसोर्टसमेत खुलिरहेका छन् । त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलसमेत स्तरोन्नति हुन समय लागिरहेको छ ।

छिमेकी मुलुकहरूले पर्यटक आफ्नो देशमा ल्याउनका लागि विभिन्न प्याकेजसहित योजना बनाइरहँदा नेपाल भने गम्भीर देखिएको छैन । देशको अर्थतन्त्रमा ठूलो योगदान दिन सक्ने पर्यटन क्षेत्रबाट नेपालले लाभ लिन सकेकै छैन । निजी क्षेत्रको जोडबलले पर्यटन उद्योग गतिशील भएको छ । त्यसमा सरकारले साथ दिने हो भने नेपालको पर्यटन क्षेत्रलाई देशको समुन्नतिको बलियो आधार बनाउन सकिन्छ ।

## सामाजिक सञ्जाल



सेतेमान तामाङ

देश बनाउन कहाँ सकिएला, यी गैरजिम्मेवारहरूले एउटा राष्ट्र बैंकको गभर्नर नियुक्ति गर्न सकेका छैनन् । गभर्नर योग्य र दक्ष व्यक्ति चाहिन्छ, उहीँ माफिया, कमिसन र घुसखोरी व्यक्ति नहोस् । कम्तीमा देशको अर्थतन्त्र उकास्न सक्ने व्यक्ति चाहिन्छ । लामो समयसम्म गभर्नर खाली राख्नु चलखेलको षडयन्त्र हुन् ।



मनोज सिवाकोटी

तिनकुने घटनामा दुर्गा जति दोषी थिए, उत्तिकै शंकास्पद र रहस्यमय भुमिका राज्यको छ भन्नेमा आमजनता सशंकित छ । सरकारप्रति जनताको शंका चिर्न, सरकारले जनतासामु विश्वासको वातावरण बनाउन घटनाको सत्यतथ्य छानबिन गरि प्रतिवेदन बाहिर ल्याउनुपर्छ । दोषी राज्य दुर्गा जोकोही होस कारबाही हुनपर्छ ।



मदन खरेल

नेपाली नागरिक हिजो जसले गणतन्त्र चाहियो भनेर ल्यायो, उही नेपाली जनताहरू हुन, आज गणतन्त्रले देश र आम नागरिकको हितविरूद्ध गलत कार्यहरू गऱ्यो, अब हामीलाई पुनः राजासहितकै लोकतन्त्र चाहियो भन्ने माग गरिरहेका सुनिन्छ- जनताले यसो भन्नु उसको दण्डनीय अपराध हो र ? नैसर्गिक अधिकार हैन र ?



नारायण शर्मा

६ महिना प्रम ओलीले भाषण गर्न छोडून् । एमालेले आफ्नो भलो चाहाने हो भने प्रमको कुर्चीमा बसेर भाषण गर्दै हिंड्ने ओली पहिला सचिनु पर्छ । हामीलाई देशमा डेलिभरी दिने प्रम चाहिएको हो, भाषणबाज होइन । जवाफ फकाउने प्रम होइन, जिम्मेवारी निभाउने प्रम चाहिएको हो ।

# ‘मिडियाले निराशा बढाउने काम गर्न हुँदैन’



**काठमाडौं/मस–** प्रेस काउन्सिल नेपालका अध्यक्ष बालकृष्ण बस्नेतले समाधानमुखी पत्रकारिताको बाटोलाई अँगाल्न समस्त मिडिया जगतलाई सुझाव दिएका छन् ।

समाधानमुखी र रचनात्मक पत्रकारिताको विकास नहुँदा समाजमा निराशा छाएको उनको टिप्पणी छ ।

‘हरेक क्षेत्रमा प्रणाली बलियो बनाई सोही अनुसार काम गर्न हामी सृजनात्मक र रचनात्मक हुन सकेका छैनौं । समाधानमुखी होइन, समस्यामुखी बन्यौं । भएका र गरेका कामको चर्चा समेत गरेनौं । त्यसका लागि मिडिया र सामाजिक सञ्जालको समेत सही प्रयोग गर्न चाहेनौं’ नयाँ वर्षको अवसरमा अध्यक्ष बस्नेतले सामाजिक सञ्जालमा लेखेका छन् ।

नेपाली मिडियाको नियामक निकाय काउन्सिलका प्रमुख बस्नेतले नयाँ वर्षबाट त्याग्नुपर्ने र सुरुवात गर्नुपर्ने काम धेरै रहेको उल्लेख गर्दै नेपालमा केही हुँदैन भन्ने भाष्य त्याग्नुपर्ने धारणा राखेका छन् ।

‘त्याग्नुपर्ने धेरै कुरा छन् । सुरुवात गर्नुपर्ने र कतिपय थाहा भएका कुरा समेत महसुस गरेर, सच्चिएर अघि बढ्नुपर्ने थुप्रै काम छन् । अरुलाई नराम्रो देख्ने, आफ्नो समिक्षा नगर्ने प्रवृत्ति हटाउनुपर्नेछ,’ अध्यक्ष बस्नेतले लेख्नुभएको छ,‘प्रणाली र व्यवस्थाको दृष्टिले नेपाल उत्तम छ । तर, हामीले त्यसलाई उपयोग र स्थापित गर्न सकेका छैनौं ।’ उनले आशाको किरण रोक्न र नेपालमा कहिले केही हुँदैन भन्ने निराशाको खेती फैलाउन नहुनेतर्फ सबै सजग हुनुपर्ने धारणा राखेका छन् ।

‘केही हुँदैन भन्ने चिन्तन र प्रवृति नयाँ वर्षबाट त्यागेर, हामी मिलेर समृद्ध नेपाल बनाउन सक्छौं भन्ने प्रण गर्न जरुरी छ । सामाजिक सञ्जालसहितका मिडियाले पनि अब के भएन मात्र होइन, किन भएन ? त्यसको समाधान के हुन सक्छ ? भएका राम्रा काम के के हुन् ? अब गर्नुपर्ने काम के हुन् भनेर औंल्याउनुपर्ने बेला आएको छ,’ अध्यक्ष बस्नेतको धारणा छ ।

देशका सम्भावना बोकेका युवालाई बाहिर धकेलिरहने हैन, बाहिर बसेकालाई समेत फर्कने वातावरण बनाउन जरुरी भइसकेको उल्लेख गर्दै उनले लखेका छन्‘देश अरूले बनाइदिने होइन, बरू नेपाली जहाँ रहेपनि एकापसमा मिल्दा सम्भावना छ । त्यसैले, सकारात्मक सोचौं। नकारात्मकता हटाऔं। आलोचनात्मक चेत राखौं ।’

# सगरमाथा आरोहणका लागि खुम्बू आइसफलको बाटो तयार



**काठमाडौं/मस–** वसन्तकालीन यामा सगरमाथा आरोहणका लागि दुई सयभन्दा बढीले आरोहण अनुमति लिएका छन् ।

पर्यटन विभागका अनुसार बिहीबारसम्म २२ आरोही समूहका ३८ महिला र एकसय ७८ पुरुष गरी कूल २१४ जनाले अनुमति पाएका हुन् । आरोहण अनुमति लिएर विभिन्न मुलुकका आरोहीहरु धमाधम गन्तव्यतर्फ लागिरहेका छन् । विभागले चैतको तेस्रो सातादेखि सगरमाथा आरोहण अनुमति दिन सुरु गरेको थियो । विभागका निर्देशक आरती न्यौपानेका अनुसार सगरमाथा आरोहणका लागि धमाधम आरोही गन्तव्यतर्फ गइरहेका छन् ।

नेपालसहित ३१ मुलुकका नागरिक सगरमाथा आरोहणका लागि भएका छन् । विभागले हालसम्म सगरमाथासहित विभिन्न १७ हिमाल आरोहणका लागि ‘एक्सपीडिसन पर्मिट’ जारी गरेको छ । पछिल्लो विवरणमा हिमाल आरोहणमार्फत ३६ करोड ५८ लाख १५ हजार २७ रोयल्टी रकम सरकारी खातामा जम्मा भएको छ ।


सगरमाथाबाट मात्रै ३१ लाख ६९ लाख ८६ हजार २८ रकम उठेको छ । हालसम्म विभिन्न हिमाल तथा पिक आरोहण गर्न ५४ आरोही समूहका ९९ महिला र तीनसय ९८ गरी कूल चार सय ९७ जनाले विभागबाट अनुमति लिएका छन् ।

आरोहणका लागि खुम्बु आइसफलसम्मको बाटो निर्माण सम्पन्न भएको छ । आइसफलका डाक्टरहरुले खुम्बु आइसफल हुँदै रुट फिक्सिङ पूरा गरेको विभागले जनाएको छ । असाधारण प्रयासका लागि एसपिसिसीका आइसफल डाक्टरलाई विभागले प्रसंशा व्यक्त गरेको छ ।

सगरमाथाको आधार शिविरदेखि दोस्रो शिविरसम्म बाटो निर्माणका लागि सगरमाथा प्रदूषण नियन्त्रण समिति (एसपिसिसी) ले खुम्बु आइसफलमा बाटो बनाउने ‘आइसफल डाक्टर’ खटाएको थियो । यो सिजनका लागि १० जनाको टोली खटाइएको एसपिसिसीले जनाएको छ ।

पर्वतारोहण सञ्चालक संघले सगरमाथाको दोस्रो शिविरदेखि चुचुरोसम्म बाटो बनाउनेअर्थात् ‘रोप फिक्सिङ’ (डोरी टाँग्ने) काम गर्ने छ । संघले यो सिजनको सगरमाथा आरोहणका लागि बाटो बनाउने तथा रोप फिक्सिङको व्यवस्थापकीय जिम्मेवारी एट्के एक्सपीडिसन कम्पनीलाई दिएको छ। वसन्त ऋतु सगरमाथासहितका हिमाल आरोहणका लागि उपयुक्त मौसम मानिन्छ । यो याममा सगरमाथा आरोहणका लागि उल्लेख्य संख्यामा विदेशी आउँछन्।

# ४ महिनामै पक्की पुल निर्माण



**गुल्मी/मस–** गुल्मीका एक निर्माण व्यवसायीले डेढ वर्षमा बन्ने पुल चार महिनामै निर्माण गरेका छन् । निर्माण व्यवसायी विजय खनालले गुल्मीको मदाने गाउँपालिकाअन्तर्गत अग्लु फँदी खोला पुल चार महिनामै निर्माण सम्पन्न गरेका हुन् ।

जिल्लामा सञ्चालित कैयौं विकास योजनाहरू केही निर्माण व्यवसायीले समयमा काम नगरी अलपत्र परिहेको अवस्थामा खनालले डेढ वर्षको अवधिमा निर्माणसम्पन्न गर्नुपर्ने काम चार महिनामै सम्पन्न गरेका हुन् । गुल्मीको पञ्चमीपोखरी-अग्लुङ हुँदै प्यूठान जोड्ने सडकमा पक्की पुल निर्माण गरिएको छ। छोटो अवधिमै पुल निर्माणको काम नगरेर खनालले काम गर्ने इच्छाशक्ति भएमा तोकिएको समय नै पर्खनुपर्छ भन्ने मान्यतालाई चिरेर नयाँ उदाहरण प्रस्तुत गरेका छन् ।

उक्त पुल निर्माणका लागि गत वर्ष जेठमा सम्झौता भएपछि बर्सात सुरु भएको र त्यसपछि दसैं तिहारजस्ता चाडपर्वहरू परेका कारण त्यसपछि मङ्सिर महिनादेखि फागुनसम्म चार महिनामा लगातार काम गरेर पुल निर्माणको काम सम्पन्न गरिएको निर्माण व्यवसायी विजय खनालले बताए। तर समयमै काम सम्पन्न गरे पनि ६० लाख रुपैयाँ अझै भुक्तानी पाउन बाँकी रहेको खनालले गुनासो गरे ।

खनालले आफूले निर्माणको जिम्मा लिएका ९९ प्रतिशत योजनामा म्याद थप नगरेको बताए । यति छोटो समयमा पुल निर्माण भएसँगै त्यस क्षेत्रका नागरिकहरु पनि अचम्म परेका छन् । मदाने गाउँपालिका-१ का वडाध्यक्ष सुशील चन्दले निर्माण व्यवसायीमा इच्छाशक्ति भएमा योजना कसरी सम्पन्न हुन्छन् भन्ने नयाँ उदाहरण खनालले देखाएको बताए ।

सडक पुर्वाधार कार्यालय गुल्मीमार्फत पुल निर्माणका लागि कमल-अर्जुन-सिटी जेभीले गत वर्षको जेठ ८ गते सम्झौता गरेको थियो । उक्त पुल भ्याटसहित रु चार करोड १४ लाख २९ हजार ९७९ को लागतमा सम्झौता भएको सडक पूर्वाधार कार्यालय गुल्मीका प्रमुख इन्जिनियर सचिदानन्द चौधरीले जानकारी दिए । गत मंसिर पहिलो हप्ता लुम्बिनी प्रदेशका भौतिक पूर्वाधारमन्त्री भूमिश्वर ढकाल र कृषि भूमि व्यवस्था तथा कृषि सहकारीमन्त्री दिनेश पन्थीले पुलको शिलान्यास गरेका थिए ।

# कालीकोट कारागारमा क्षमताभन्दा तेब्बर कैदीबन्दी



**कालीकोट/मस –** जिल्ला कारागार कालीकोटमा क्षमताभन्दा तेब्बर कैदीबन्दी बस्दै आएका छन् । जिल्ला कारागारमा २२ जनाको क्षमता भए पनि अहिले ५२ जना कैदीबन्दी रहेका हुन् । जिल्ला कारागारको क्षमता १५ जना पुरुष र सातजना महिला गरी २२ जनाको हो ।

कारागारमा क्षमताभन्दा कैदीबन्दी कारागारमा राखिएको जिल्ला कारगार कार्यालयका प्रमुख जेलर मानबहादुर विकले बताए । उनले भने, ‘भवन पनि पुरानो छ । भूकम्प आएको खण्डमा कैदीको जीवन निकै जोखिममा छ । पुरानो भवन त्यसैमा साँघुरो भएकाले बैदीबन्दीको जीवन थप कष्टकर भइरहेको छ ।’

जिल्ला कारागारको नयाँ भवन निमार्णका लागि एक पटक बजेटको व्यवस्थापन भएको र कैदीबन्दी राख्ने अर्को कुनै विकल्प नभएकाले पुरानो भवन भत्काउने अवस्था नभएको जेलर विकले बताए । ‘बजेट रु एक करोड फिर्ता गयो । कारागारभित्रको माथिल्लो क्षेत्र निकै भिरालो भएकाले कटान गरेर मैदान बनाउन धेरै बजेट लाग्ने भयो ।’

जिल्ला प्रशासन कार्यालय कालीकोटका प्रमुख जिल्ला अधिकारी नारायणप्रसाद भट्टराईले प्रदेशले कारागार बनाउका लागि डिपिआर बनाएको आफूले जानकारी पाएको बताए ।

# जाजरकोट भूकम्प : ३४ हजार निजी आवासमा क्षति आँकलन



**काठमाडौं/मस–** यही चैत मसान्तसम्ममा जाजरकोट भूकम्पबाट प्रभावित निजी आवासको क्षति आँकलन गरिएको छ। राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले ३४ हजार ३५ निजी आवासको विस्तृत क्षति आँकलन गरिएको विवरण आफ्नो प्रणालीमा प्रविष्ट भइसकेको जनाएको छ ।

प्राधिकरणका प्रवक्ता एवं उपसचिव रामबहादुर केसीले अझै क्षति आँकलनको काम भने जारी रहेको बताए । अब नयाँ वर्षसँगै जाजरकोट भूकम्पबाट क्षतिग्रस्त थप निजी आवासको क्षति आँकलनका लागि प्राधिकरण र मध्यपश्चिम विश्वविद्यालयबीच सम्झौता भएको उनले जानकारी दिए । यसका लागि हालै मात्र प्राधिकरणका कार्यकारी प्रमुख ई.दिनेश भट्ट र विश्वविद्यालयको ग्राजुएट स्कुल अफ इञ्जिनियरिङका डिन सहप्राध्यापक डा.राजन सुवालले यससम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर गरेका छन्।

कर्णाली प्रदेश राजधानी सुर्खेत वीरेन्द्रनगरमा अवस्थित विश्वविद्यालयले २८ हजार ३५७ परिवारको निजी घरको क्षति आँकलनका लागि ८५ जना प्राविधिक बाँकी स्थानीय तहहरूमा खटाउने छ । यसअघि, विस्तृत क्षति आँकलनका लागि प्राधिकरण र पुल्चोक इञ्जिनियरिङ क्याम्पसबीच सम्झौता भई विस्तृत क्षति आँकलन भएको थियो ।

# बन्दीपुरमा चितुवा आतंक
## सावधानी अपनाउन आग्रह



**तनहुँ/मस–** तनहुँ बन्दीपुर गाउँपालिका-२ कामीडाँडामा गत शुक्रबार राति चितुवाको आक्रमणबाट बालिकाको मृत्यु भएपछि चितुवा नियन्त्रणका लागि बाखा खोर राखिएको छ ।

डिभिजन वन कार्यालय तनहुँले यस क्षेत्रको जंगलमा आइतबार बाखासहितको खोर राखेको हो । चितुवाको आक्रमणपश्चात् स्थानीयवासी त्रसित भएकाले चितुवा नियन्त्रणमा लिन अपरिहार्य भएको वडाध्यक्ष तिलकबहादुर कुँवरले बताए । उनले भने, ‘चितुवाको आक्रमणपश्चात् स्थानीयवासी त्रसित छन् । कामीडाँडा वरपरका गाउँबस्तीमा चितुवा पटक-पटक देखिएको छ। साँझ र रातको समयमा सावधानी अपनाउन अपिल गरेका छौं ।’

चितुवाको आक्रमणबाट दश वर्षीया अनुजा विकको मृत्यु भएको थियो । फूपुदिदीको घरमा जाँदै गरेको बेलामा चितुवाको आक्रमणमा परेकी विकको शव जंगलमा भेटिएको थियो। डिभिजन वन कार्यालय तनहुँले घटनास्थल वरपर सबै सतर्क भई सुरक्षित रहन आग्रह गरेको छ। कार्यालयले चितुवासँग जोगिन साँझ तथा रातको समयमा घरगोठ उज्यालो बनाउन, एक्लै नहिँड्न आग्रह गरेको छ । त्यस्तै चितुवासँग जोगिन साँझ तथा रातको समयमा घरगोठ उज्ज्यालो बनाउने, झाडी सफा गर्न तथा बच्चा तथा वृद्धहरुको विशेष ख्याल र रेखदेख गर्न कार्यालयको अनुरोध छ ।

तनहुँमा पछिल्लो केही वर्षयता चितुवाको आक्रमणबाट बालबालिकाको मृत्यु भएको छ । भानु, बन्दीपुर, आँबुखैरेनीमा चितुवाको आतंक छ । चितुवाको आक्रमणबाट पछिल्लो छ वर्षको अवधिमा १४ बालबालिकाले ज्यान गुमाएका छन् । चितुवाको आक्रमणबाट भानु नगरपालिका, शुक्लागण्डकी नगरपालिका, आँबुखैरेनी गाउँपालिका, बन्दीपुर गाउँपालिकामा बालबालिकाको मृत्यु भएको छ । मृग, वन कुखुरालगायत वन्यजन्तु मानिसले शिकार गरिदिँदा वनमा शिकारको अभाव भई चितुवाले मानिसको शिकार गर्न थालेको डिभिजन वन कार्यालय तनहुँले जनाएको छ ।

जंगल फँडानी गरेर बस्ती बसाल्ने, जंगली जनावर मारेर खाइदिने कारणले गर्दा र मानव र वन्यजन्तुबीच द्वन्द्व बढ्दो अवस्थामा रहेको सहायक वन अधिकृत काशीराज पण्डितले बताए । पण्डितले भने, ‘तनहुँमा विशेषगरी चितुवाको समस्या रहेकाले चितुवाको स्वभाव, यसले आक्रमण गर्न सक्ने समय लगायतका विषयमा उपभोक्तालाई बेला-बेलामा जानकारी गराएका छौं । चितुवा सक्रिय हुने समय र आनीबानी बुझ्न सकिए यसबाट बच्न सकिन्छ ।’

# ८ करोड बराबरको किताब बिक्री



**जनकपुरधाम/मस–** जनक शिक्षा सामग्री केन्द्र प्रादेशिक कार्यालय जनकपुरधामले यस वर्षको शैक्षिक सत्र सुरु हुनु अगावै ८करोड बराबरको करिब ५लाख ८७ हजार थान पुस्तक बिक्री गरेको छ ।

यस वर्ष शैक्षिक सत्र सुरु हुनु अगाडि नै पाठ्यपुस्तक आएकाले बिक्री वितरण सुरु गरिएको कार्यालय प्रमुख रुद्रमणि खनालले जानकारी दिए ।

शैक्षिक वर्ष २०८२ का लागि रु २५ करोड वरावरको २३ लाख ७० हजार थान पुस्तक बिक्री वितरण गरिने लक्ष्य केन्द्रको थियो । हाल नौ लाख १३ हजार नौ सय ७६ थान पुस्तक गोदाममा सुरक्षित रहेको सो कार्यालयले जनाएको छ । विद्यालयलाई तोकिएका विभिन्न ९६ वटा वितरकमार्फत पाठ्यपुस्तक बिक्री वितरण गर्दै आएको प्रमुख खनालले जानकारी दिए ।

कार्यालयबाट ओखलढुंगा, खोटाङ, धनुषा, महोत्तरी, सप्तरी, उदयपुर, सिन्धुली, सिरहा, सर्लाही, रौतहट, पर्सा र बारालगायत जिल्लामा पाठ्यपुस्तक बिक्री वितरण गर्दै आएको छ ।

विगतमा पुस्तक छपाइमा ढिलाइ हुने गर्दा बालबालिकाको अध्ययन अध्यापनमा समस्या रहेको थियो । यसअघि सो कार्यालयले गत वर्ष रु २३ करोड ३० लाख बराबरको किताव बिक्री गरेको थियो । कार्यालयले त्यसअघि शैक्षिक सत्र २०८० मा २६ करोड बराबरको किताब बिक्री गरेको थियो ।

प्राथमिक तहमा अनिवार्य शिक्षा तथा माध्यमिक तहमा निःशुल्क शिक्षा दिने संघीय सरकारको नीति रहेको छ । तोकिएका बिक्रेताबाट विद्यायलले पाठ्यपुस्तक खरिद गर्ने तथा सोको भुक्तानी सम्बन्धित स्थानीय तहले दिँदै आएको छ ।

# ३४ बोरा अवैध शालिग्राम बरामद



**मुस्ताङ/मस–** मुस्ताङमा ठूलो परिमाणमा अवैध शालिग्राम शीला प्रहरीले बरामद गरेको छ । मुस्ताङको बारागुङ मुक्तिक्षेत्र-३ स्थित इलाका प्रहरी कार्यालय छुसाङ चेक पोष्टले विभिन्न समयमा चेक गर्दा ३४ वटा सेतो बोरामा प्याकिङ गरिएको ८९४ केजी शालिग्राम शीला बरामद गरेको जिल्ला प्रहरी कार्यालय मुस्ताङले जनाएको छ ।

मुस्ताङको लोघेकर दामोदरकुण्ड गाउँपालिका-३ घमीबाट जोमसोमतर्फ आउँदै गरेको ग३च ८१५२ नम्बरको बोलेरो जीपलाई शंका लागि चेकजाँच गर्दा अवैध शालिग्राम प्रहरीले फेलापारी नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय मुस्ताङका सूचना अधिकारी प्रहरी निरीक्षक विशाल अधिकारीले जानकारी दिए ।

मुस्ताङको लोघेकर दामोदरकुण्ड-५ सुर्खाङ बस्ने ४१ वर्षीय कुनसाङ रेन्जिङ गुरुङले बोलेर जीपमा लोड गरेर अवैधरुपमा लुकाइछिपाइ शालिग्राम जोमसोमतर्फ ल्याउँदै गर्दा इलाका प्रहरी कार्यालय छुसाङले बरामद गरेको प्रहरी निरीक्षण अधिकारीको भनाइ छ । अवैध रुपमा ल्याउँदै गरेको शालिग्रामसहित जीप, चालक र शालिग्राम ल्याउने धनीलाई अन्नपूर्ण संरक्षण कार्यालय जोमसोममा पेस गरिएको जिल्ला प्रहरी कार्यालय मुस्ताङले जनाएको छ । यता एक्याप जोमसोमले शालिग्राम शिलासहित जीप, चालक र शालिग्राम ल्याउने धनीलाई अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना एक्यापको प्रधान कार्यालय पोखरामा अनुसन्धानका लागि पठाइसकेको कार्यालय प्रमुख राजेश गुप्ताले जानकारी दिए ।

मुस्ताङको दामोदरकुण्ड हुँदै कालीगण्डकी नदीमा जम्मा हुने शालिग्रामलाई हिन्दू धर्मशास्त्रमा विष्णु भगवान्को प्रतीकको रुपमा पुज्ने गरिन्छ । व्यावसायिक रूपमा ठूलो परिमाणमा शालिग्राम ओसारपोसार गर्नेविरुद्ध मुस्ताङ प्रशासन, प्रहरी र एक्यापले कडान निगरानी गर्ने गरेको छ । तर, व्यक्तिगत रुपमा फुटकर शालिग्राम शीला खरिद गरेर जिल्ला बाहिर लैजानका लागि प्रशासन प्रहरी र एक्यापले छुट दिएको छ ।

मुस्ताङमा सडक सञ्जालको विकाससँगै शालिग्राम दोहनको क्रम बढ्दो अवस्थामा छ । तर, मुस्ताङमा आउने वार्षिक पाँच लाख भक्तजनले एक/एक वटा शालिग्राम खरिद गरेर लैजाने हो भने पनि मुस्ताङबाट ठूलो परिमाणमा शालिग्राम जिल्लाबाट बाहिरिने गर्छ। मुस्ताङको कागबेनी, मुक्तिनाथ, जोमसोमलगायतका स्थानमा फुटकर व्यवसायीले शालिग्राम बिक्रीका लागि राखेका हुन्छन्। मुस्ताङमा पर्यटक आगमन बढेसँगै शालिग्राम संरक्षणको विषय निकै चुनौति बनेको छ ।

# ‘पहिलो पटक फरक काम गरें’



**काठमाडौं/मस–** चलचित्र ‘कर्मा’ गत बिहीबारदेखि देशव्यापी प्रदर्शनमा छ । चलचित्रको टिम अहिले दर्शकसँग प्रत्यक्ष साक्षात्कार गर्न हलहल पुगिरहेको छ ।

आइतबार कमलपोखरीको बिग मुभिज सिनेमा हलमा फिल्म कर्माको स्पेसल शोपछि अभिनेता विपीन कार्कीले अगाडि गरेका कामभन्दा बढी टेक्निकल भएको भन्दै पहिलो पटक फरक काम गरेको बताए ।

‘चलचित्र हेर्नेहरूले राम्रो प्रतिक्रिया दिइरहनुभएको छ । रमाइलो, राम्रो र तपाईंलाई सुहाएको छ भन्नुभएको छ। मेरो डर पनि यसैमा थियो । अडियन्सलाई धन्यवाद भन्छु’, उनले भने ।

यस्तै, नायिका उपासनासिंह ठकुरीले यो चलचित्र गर्दा राम्रो अनुभव बटुलेको भन्दै फिल्म राम्रो बनेको बताइन् । कलाकार दिव्यदेव पन्तले आफू अभिनीत चलचित्र पिताम्बर र कर्मा एकसाथ हलमा आउँदा अप्ठ्यारो भएको भन्दै सन्तुलन मिलाएर हलमा पुग्ने गरेको बताए ।

चलचित्र ‘कर्मा’मा विपीन कार्की, उपासनासिंह ठकुरी, मुकुन भुसाल, दिव्यदेव, सरिता गिरी, बेन बस्नेत, सुज्यान सिलवाल, अनिल बुढाथोकी, निर्मल शर्मालगायतको अभिनय छ । सौरभ चौधरीले निर्देशन गरेको ‘कर्मा’को कथा पनि चौधरी आफैंले लेखेका छन् ।

चलचित्रमा भाष्कर स्वाँरको संगीत निर्देशन, कविराज गहतराजको कोरियोग्राफी, श्री श्रेष्ठको द्वन्द्व निर्देशन र निमेष श्रेष्ठको सम्पादन छ । तारानाथ न्यौपाने मुख्य सहायक निर्देशक रहेको चलचित्रमा समीर मियाको भीएफएक्स, उत्तम न्यौपानेको ब्याकग्राउन्ड स्कोर, साहिल खानको टिजर-ट्रेलर र विजय बस्यालको पब्लिसिटी डिजाइन छ । आर्टिस्टिक इन्टरटेनमेन्टको प्रस्तुति रहेको ‘कर्मा’मा वसन्त लम्सालको लगानी छ ।

# ‘द महावीर’ले खोज्यो नयाँ कलाकार

**काठमाडौं/मस–** चलचित्र ‘द महावीर’ले कलाकारका लागि कास्टिङ कल गरेको छ । नयाँ फेस चाहिएको भन्दै निर्माण टिमले कास्टिङ कल गरेको हो । सिनेमामा हेरचाह गर्ने भूमिकाका लागि जनजाति फेसकी ३० देखि ४० वर्ष उमेर समूहकी महिला, हल्का कालो मुहारकी राम्री र राम्रो नृत्य गर्न सक्ने २० देखि २५ वर्षकी कलाकारका लागि निर्माण टिमले अडिसन आह्वान गरेको छ ।

हल्का कालो छाला भएको मिक्स जनजाति फेस देखिने १० देखि १२ वर्ष उमेरको पुरुष कलाकार, ६ फिट अग्लो आर्य फेस भएको ३५ देखि ४० वर्षको पुरुष (एथ्लेटिक्स)का लागि पनि माग गरिएको छ । ४० देखि ५० वर्षको फ्याट एन्ड लेजी लुक्स भएकी जनजाति महिलाका लागि पनि कास्टिङ कल गरिएको छ । २५ देखि ३० वर्ष उमेर समूहको फिट बडी भएको जनजाति लुक्सको पुरुष पात्र चाहिएको निर्माण पक्षले बताएको छ । ६ फिट अग्लो फिट एन्ड फाइन देखिने २५ देखि ३० (एथ्लेट्स) आर्य फेस, बोल्ड एन्ड कमान्डिङ ६० देखि ६५ वर्ष उमेरको जनजाति उमेरको पुरुष, ५० देखि ६० वर्षको अग्लो, स्वस्थ जनजाति फेसका लागि कास्टिङ कल गरिएको निर्माण पक्षले जनाएको छ । गोरो छाला भएको दुष्ट र धूर्त देखिने ५० देखि ६० वर्षको आर्य फेस भएको पुरुष कलाकार र स्मार्ट लुकिङ आर्य फेस भएको ७ देखि १० वर्ष उमेरको बाल कलाकार चाहिएकाले कास्टिङ कल गरिएको निर्माण पक्षले जनाएको छ ।




अनुभवी र नयाँ सबैलाई अवसर दिइने बताइएको छ । राम्रो अभिनय गर्ने व्यक्तिले प्राथमिकता पाउने छन् । पहिलो चरणमा १ मिनेटको भिडियो पठाउनुपर्ने छ । १ देखि ३ वैशाखसम्म भिडियो पठाइसक्नुपर्ने छ । दोस्रो चरणमा डिजिटल अडिसनमा छनोट भएकालाई फिजिकल अडिसन लिइने छ । दोस्रो चरणमा छनोट भएकालाई फोन गरेर बोलाइने छ । ‘द महावीर’को थिम पोस्टर सार्वजनिक भइसकेको छ । जीबी आग्रीले निर्देशन गर्ने चलचित्रको कथावस्तु के हो भनेर निर्माण पक्षले प्रस्ट नखुलाए पनि थिम पोस्टर भने रेड एन्ड डार्क रहेकाले युद्धको पृष्ठभूमिमा कथा रहेको अनुमान लगाउन सकिन्छ ।

२ वटा बलिष्ठ घोडा दौडाएर २ व्यक्ति आमानेसमाने भएको पोस्टरमा उल्लेख छ । बीचमा ठूलो तरबार रातो कपडाले बेरिएको अवस्थामा कसैले उठाउन तयार रहको अवस्थामा छ, यो युद्धको संकेत हो । चलचित्रको स्लोगन ‘राइज फाइट कन्क्वेर’ छ । उठ, लड र जित भन्ने स्लोगनले २ पक्षबीचको द्वन्द्वलाई संकेत गरेको छ ।

चलचित्रको कथा कृष्ण बीके र जीबी आग्रीले लेखेका छन् । लक्षरा फिल्म्सको प्रस्तुति रहने ‘द महावीर’मा कृष्ण बीके, बीआर रेड्डी, सन्तोष लुहार निर्माताका रूपमा रहने छन् ।

# संगीत उद्यमी सूर्यलाई एसियन एक्सिलेन्स एचिभर्स अवार्ड

**काठमाडौं/मस–** नेपालका चर्चित संगीत उद्यमी डा. सूर्यबहादुर मगरलाई ‘एसियन एक्सिलेन्स एचिभर्स अवार्ड, २०२५’ प्रदान गरिएको छ ।

‘एसियन बिजनेस पार्टनसिप समिट’ र ‘साउथ एसियन बिजनेस पार्टनरसिप’ले शनिबार साँझ काठमाडौंको होटल ठमेलपार्कमा आयोजना गरेको ‘एसियन एक्सिलेन्स एचिभर्स अवार्ड, २०२५’मा प्रमुख अतिथि वन तथा वातावरणमन्त्री ऐनबहादुर शाही, कार्यक्रमका अध्यक्ष एसियन बिजनेस पार्टनसिप समिटका कार्यकारी निर्देशक एम गोलाम फागुक माज्नु, विशेष अतिथिहरू बागमती प्रदेशका कानुनमन्त्री सुरजचन्द्र लामिछाने, संविधानसभा सदस्य शान्ति श्रेष्ठ, फिफ्टी नेपालका अध्यक्ष डा. अंगुरबहादुर कार्की, राष्ट्रिय प्रजातन्त्र पार्टीका केन्द्रीय सदस्य तेन्जिङ भुटिया, ट्रेड टावर अफ कम्पनी नेपालका अध्यक्ष शिवहरि दंगाल र टिबेट ग्रुप अफ कम्पनीका उपाध्यक्ष विष्णुप्रसाद भण्डारीले उनलाई संयुक्त रूपमा अवार्ड तथा प्रमाणपत्र प्रदान गरेका हुन् ।




डा. सूर्य यसअघि पनि दर्जनौं सम्मान, पुरस्कार अनि अवार्डसहित सम्मानित भइसकेका छन् । ‘पश्चिमाञ्चल साँस्कृतिक केन्द्र सम्मान, २०७५’, ‘प्रेम अर्थ सम्मान, २०७६’, ‘न्यु अरुणोदय स्कुल तेक्वान्दो डोजाङ सम्मान, २०७८’, ‘वीरगन्ज उद्योग वाणिज्य संघ सम्मान, २०७८’, ‘बिर्तामोड उद्योग वाणिज्य संघ सम्मान, २०७९’, ‘संगीत रोयल्टी संकलन समाज सम्मान, २०७९’, ‘दोस्रो विशाल लुम्बिनी लोकदोहोरी अवार्ड, २०७९’ (जुरी), ‘क्वालिटी इन्टरटेनमेन्ट राष्ट्रिय संगीत व्यवसायी सम्मान, २०७९’, ‘इन्डो-नेपाल सुजन म्युजिक अवार्ड, २०८०’, ‘तेस्रो राष्ट्रिय विशाल लुम्बिनी लोकदोहोरी अवार्ड, २०८०’ (राष्ट्रिय संगीत संरक्षण सम्मान), विश्व उपभोक्ता महासंघ नेपालद्वारा सम्मानित (राष्ट्रिय संगीत संरक्षण सम्मान, २०८०), इन्डो-नेपाल म्युजिक अवार्ड, २०८० (निर्णायक मण्डल सम्मान), नेप्को इन्टरटेनमेन्ट म्युजिक अवार्ड, २०८० (सर्वोत्कृष्ट म्युजिक उत्पादक अवार्ड), ‘११औं म्युजिक खबर म्युजिक अवार्ड, २०८०’ (वर्षको सर्वोत्कृष्ट म्युजिक उत्पादक) आदि यसकै केही उदाहरण हुन् ।

उनलाई अमेरिकाको दक्षिण डकोटस्थित ‘ब्रोकफिल्ड अन्तर्राष्ट्रिय विश्वविद्यालय’ले समेत मानार्थ विद्यावारिधि सम्मान प्रदान गरेको छ ।

सूर्य आफ्नो पेसा-विधागत र अन्य विभिन्न सामाजिक संस्थामा पनि उत्तिकै सक्रिय छन् । ‘संगीत तथा चलचित्र उत्पादक समाज, नेपाल’का अध्यक्ष (दोस्रो कार्यकाल), रामेछाप साँस्कृतिक कला साहित्य समाजका संस्थापक अध्यक्ष, संगीत विकास बचत तथा ऋण सहकारी संस्थाको बोर्ड सदस्य, नेपाल उद्योग वाणिज्य महासंघ वस्तुगत परिषद्का उपसभापति, नेपाल संगीत उद्योग संघको अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासंघ, चलचित्र मनोरञ्जन फोरमको उपसभापति, सूर्यचका फाउन्डेसनको कार्यसमिति सदस्य, अन्तर्राष्ट्रिय नेपाली कलाकार समाज (इनास) संयोजन समितिका सल्लाहकार, नेपाल प्रतिलिपि अधिकार रजिस्ट्रारको कार्यालय रोयल्टी अनुगमन उपसमितिको उपसंयोजक, नेपाल सांगीतिक संघको मानार्थ सदस्य, पिम नेपालको मानार्थ सदस्यलगायत छन् उनी ।

‘सूर्य क्रिएसन प्रा.लि.’का प्रबन्ध निर्देशकसमेत रहेका सूर्यले संगीत व्यवसायमा लागेको करिब २ दशकको अवधिमा झण्डै ५ हजार गीत अनि २ हजार ५०० भिडियो उत्पादन गरिसकेका छन् । ती प्रायः सबैले सफलता पाएका छन् । तिनमा पनि उनले आफ्नो कला-क्षमता पस्किएका ‘आफ्नो मन आफैंसँग ढाँट्न नमिल्ने...’, ‘लुकिछिपी चुपचाप के माया लगाउनु...’, ‘नजाऊ टाढा तिमीलाई...’, ‘एकान्त प्यारो...’, ‘तिम्रो साथ...’, ‘कसले सुरुवात गर्‍यो होला माया भन्ने चिज...’, ‘चोखो माया लाऊ साइँला...’, ‘मायाले बाटो नबारे...’, ‘खुकुरी धारलेभन्दा...’, ‘काली-काली छौ दिलवाली...’ आदि बोलका गीतले सर्वाधिक चर्चा कमाएका छन् ।

# ‘मिरमिरे’ निर्माण घोषणा




**काठमाडौं/मस–** चलचित्र ‘कार्साङ’ फेम्ड निर्देशक याम शेर्पाले नयाँ सिनेमा निर्माणको घोषणा गरेका छन् । उनले चलचित्र ‘मिरमिरे’ निर्माणको घोषणा गरेका हुन् । शेर्पाले नयाँ वर्ष २०८२ को अवसर पारेर थिम पोस्टर सार्वजनिक गर्दै यही वर्ष चलचित्र रिलिजको घोषणासमेत गरेका छन् ।

यार्सा फिल्म्सको प्रस्तुति रहने चलचित्रले ग्रामीण परिवेशको सामाजिक कथा भन्ने छ । थिम पोस्टरमा १ महिला र १ पुरुष पात्र छन् । उनीहरू मिरमिरे बिहानीमा सूर्यको कलिलो किरणको स्पर्शमा उभिएर सूर्यतर्फ फर्किरहेका छन् ।

सूर्यको पहिलो किरणसँगै केही योजना बनाएर केही नयाँ कामको सुरुवातको तयारी गरिरहेको थिम पोस्टरले संकेत गरेको छ । पोस्टरले बिहानीसँगै नयाँ संकल्प गरेको संकेत गरे पनि पात्रको उद्देश्य के हो र के गर्न खोजिरहेका छन् भन्ने प्रस्ट पारिएको छैन ।

चलचित्रको निर्देशन याम शेर्पाले गर्ने छन् । चलचित्रको कथा पनि निर्देशक स्वयंले लेख्ने छन् । निमु शेर्पा र चोङ्बा लामा शेर्पाको लगानी रहने चलचित्रलाई आरआर फिल्म्सले वितरण गर्ने छ ।

नयाँ वर्ष २०८२ मा रिलिज हुने भनिए पनि प्रदर्शन मिति भने तय भएको छैन । कलाकारबारे निर्माण पक्षले जानकारी दिएको छैन । केही समयपछि चलचित्रमा कोको कलाकार रहने भन्ने जानकारी दिँदै जाने निर्देशक शेर्पाले बताए ।

‘हाम्रो चलचित्र सामाजिक विषयवस्तुमा आधारित रहेर बन्ने छ’, निर्देशक शेर्पाले भने, ‘कोको कलाकार रहने भनेर हामी बिस्तारै जानकारी दिँदै जाने छौं ।’

शेर्पाले ‘कार्साङ’मा भएका कमीकमजोरीबाट पाठ सिक्दै दर्शकले खोजे र चाहेजस्तै सिनेमा बनाउने प्रतिबद्धता जनाएका छन् । उनले ‘कार्साङ’मा जस्तै ‘मिरमिरे’मा पनि दर्शकको साथ रहने अपेक्षा गरेको बताए ।

## एड्भेन्चर ह्युमन रिसोर्स प्रा.लि. को जरूरी सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस **एड्भेन्चर ह्युमन रिसोर्स प्रा.लि.** (श्रम इजाजत पत्र नं. ७४५/०६४/०६५) को नाममा यस प्रा.लि.का केही पूर्व कर्मचारीहरु तथा अनाधिकृत व्यक्तिहरुले यस प्रा.लि.को नाम जोडेर वैदेशिक रोजगारमा पठाउने भनि राहदानी संकलन र विभिन्न व्यक्तिहरुबाट रकम संकलन गरेको भन्ने सुनिन आएकोले यस प्रा.लि.को गम्भीर ध्यानाकर्षण भएको छ । साथै यस प्रा.लि.को आधिकारिक व्यक्ति बाहेक अन्य कसैसँग पनि वैदेशिक रोजगारसँग सम्बन्धित कुनै पनि आर्थिक कारोबार नगर्न/नगराउन र गरेमा यस प्रा.लि. जिम्मेवार नहुने जानकारी गराउँदछौं । यस प्रा.लि.सँग सम्बन्धित आर्थिक कारोबार गर्दा यस प्रा.लि.को लेखा शाखाबाट मात्र गर्न अनुरोध गर्दछौं । अन्यथा गरे/गराएमा यस प्रा.लि. जिम्मेवार नहुने पनि यसै सार्वजनिक सूचनाद्वारा जानकारी गराउँदछौं ।

**एड्भेन्चर ह्युमन रिसोर्स प्रा. लि.** श्रम इजाजत पत्र नं. ७४५/०६४/०६५
ठेगानाः सितापाईला, काठमाडौं, नेपाल । फोन नंः ०१-५३८२५९०

## Invitation for Seal Quotations

### श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय कृतिखम्ब
दुल्लु, दैलेख

### दरभाउ आह्वानको सूचना

सूचना न. ०४/०८९/०८२
प्रथम पटक प्रकाशित मितिः २०८२/०१/०२

श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय कृतिखम्ब दुल्लु दैलेखको भौतिक संरचना निर्माण तथा मर्मत कार्य अन्तर्गत तपशिल बमोजिमको कार्य दरभाउपत्र मार्फत गराउनु पर्ने भएकाले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक नेपाली निर्माण व्यावसायीहरुबाट निम्न सर्तहरुको अधिनमा रही रितपूर्वकको दरभाउपत्र आह्वान गरिएको छ ।

१. दरभाउपत्रको सूचना प्रकासित भएको मितिले तपशिल बमोजिमको म्याद भित्र निम्न उल्लेख भए अनुसारको दस्तुर (फिर्ता नहुनेगरि) बुझाइ अध्यावधिक इजाजत पत्र तथा मू.अ.कर, स्थायी लेखा नम्बर दर्ता र कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपिहरु संगलग्न राखी निवेदन सहित श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय कृतिखम्ब दुल्लु दैलेखबाट कार्यालय समय भित्र खरिद गर्न सकिने छ ।
२. खरिद भएको दरभाउपत्र प्रष्टसँग भरि निर्माण व्यवसायीले प्रत्येक पानामा सहिछाप गरि शिलबन्दी गरि खाम बाहिर फर्मको नाम, ठेगाना र कामको नाम प्रष्टसँग लेखि फर्मको छाप सहित तपशिल बमोजिमको म्याद भित्र यस श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय कृतिखम्ब दुल्लु दैलेखमा उल्लेखित मितिमा दिनको १२ बजेसम्ममा दर्ता गराउनुपर्ने छ । म्याद सकिए पछी प्राप्त दरभाउपत्र स्वीकार गरिने छैन । दर्ता भएका दरभाउपत्रहरु सोहि दिनको १:०० बजे उपस्थित दरभाउपत्रदाताहरु तथा प्रतिनिधिहरुको रोहवरमा यस श्री नेपाल राष्ट्रिय माध्यमिक विद्यालय कृतिखम्ब दुल्लु दैलेखमा खोलिने छ । दरभाउपत्रदाताहरु वा प्रतिनिधिहरुको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।
३. एक फर्म वा संस्थाको नाममा खरिद भएको दरभाउपत्र अर्को फर्म वा संस्थाको नामबाट दाखिला गर्न पाहिने छैन ।
४. दरभाउपत्र ६० दिन सम्मको लागि मात्र मान्य हुनेछ । दरभाउपत्र साथ विडवण्ड वापतको धरौटी रकम नेपाल राष्ट्रिय सेकेण्डरी स्कुल कृतिखम्ब (**Nepal Rastriya Secondary School Kritikhamba**) को नाममा दैलेख साखामा रहेको धरौटी खाता हि. न. **४०१०१०००००२९२००१** मा जम्मा गरेको भौचर वा सो रकम बराबरको यस विद्यालयको नाममा बाणिज्य बैंकबाट जारी गरिएको विडवण्ड (दरभाउपत्र मान्य हुने अवधि भन्दा ३० दिन बढी मान्य अवधि भएको) पेश गर्नुपर्ने छ ।
५. दरभाउपत्रमा दररेट उलेख गर्दा मूल्य अभिबृद्धि कर बाहेकको दर स्पष्ट सँग अंक र अक्षर दुबैमा उल्लेख गर्नु पर्ने छ । अंक र अक्षर फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ ।
६.. दरभाउपत्र खरिद गर्ने तथा दर्ता गर्ने अन्तिम दिन बिदा परेमा सोको भोलिपल्ट वा बिदा पछी कार्यालय खुलेको दिन तोकेको समयमानै हुनेछ ।
७. कुनै पनि कारण जनाई वा नजनाई सम्पूर्ण वा आंशिक रुपमा दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहने छ ।
८. दरभाउपत्र फारम र यस सूचनामा उल्लेख भएका कुराहरुको हकमा यसै सूचना अनुसार र अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली २०६४ एवं प्रचलित ऐन नियम अनुसार हुनेछ ।

**तपशिलः**

| ठेक्का नं. | कार्यको विवरण | लागत अनुमान रकम (भ्याट बाहेक) | विडवण्ड जमानत रकम रु. | दरभाउपत्र खरिद दस्तुर रु. | दरभाउपत्र खरिद गर्ने अन्तिम मिति | दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|---|
| ०२/०८१/०८२ | Construction of Retaining wall (Stone masonry) work at Shree Nepal Rastriya Ma. Vi. Kritikhamba | १३,४६,५६०.८४ | ४०,०००/- | १,०००/- | २०८२/०१/१६ | २०८२/०१/१७ |
| ०३/०८१/०८२ | Construction of water tank & Pipeline at Shree Nepal Rastriya Ma. Vi. Kritikhamba | ११,२०,८३१.७५ | ३३,५००/- | १,०००/- | २०८२/०१/१६ | २०८२/०१/१७ |
| ०४/०८१/०८२ | Repairing and Painting of old infrastructures at Shree Nepal Rastriya Ma. Vi. Kritikhamba | ११,३४,०२७.३६ | ३४,०००/- | १,०००/- | २०८२/०१/१६ | २०८२/०१/१७ |

कार्यालय प्रमुख

## Mandandeupur Municipality
## Office of Municipal Executive
Mahadevsthan, Kavre
Bagmati Province, Nepal

## Invitation For Online Bids

(Date of Publication: 15th April 2025)

Mandandeupur Municipality invites electronic bids from eligible bidders for the works mentioned below under National Competitive Bidding procedures. Eligible Bidders may obtain further information through PPMO e-GP system www.bolpatra.gov.np/egp or may visit Mandandeupur Municipality website www.mandandeupurmun.gov.np.

| S. N. | Project Name | Contract Id | Last Date of Bid Submission | Date of Bid Opening | Bid Document Fee (Nrs) | Bid security Amount Nrs. | Cost Estimate (Excluding Vat, PS & Contingency) |
|---|---|---|---|---|---|---|---|
| 1. | Procurement of Agriculture Equipment and machinery items | 40/Goods/NCB/MDM/081/82 | 15/05/2025 12:00 hrs. | 15/04/2025 13:00 hrs. | Nrs.3,000.00 | Nrs.1,33,500.00 | Nrs.47,19,258.00 |

# नेपालको लगातार दोस्रो जित



**मध्यान्ह संवाददाता**
काठमाडौं, १ वैशाख

आईसीसी यु-१९ विश्वकप एसिया छनोटमा नेपालले ओमानलाई पराजित गरेको छ । माथिल्लो मूलपानी क्रिकेट मैदानमा सोमबार भएको खेलमा नेपालले ओमानलाई ८ विकेटले पराजित गरेको हो । नेपालको यो लगातार दोस्रो जित हो । यसअघि पहिलो खेलमा नेपालले यूएईलाई ५ रनले हराएको थियो ।

ओमानले दिएको ११८ रनको लक्ष्य नेपालले १४.३ ओभरमा २ विकेटको क्षतिमा पूरा गर्‍यो । नेपालका लागि शाहिल पटेलले ४४ र निरजकुमार यादवले ४६ रन बनाए । नरेन भट्ट १२ र सन्तोष यादव १० रनमा अविजित रहे । ओमानका लागि सौम्या भाविन सम्पतले २ विकेट लिए ।

त्यसअघि माथिल्लो टस हारेर पहिले ब्याटिङ गरेको ओमानले ३८ ओभरमा सबै विकेट गुमाउँदै ११७ रन बनाएको थियो ।

ओमानका लागि जीत वज्रेश शाहले अर्धशतकीय इनिङ्स खेले । उनले ७८ बलमा चार चौकासहित ५२ रन बनाए । ओपनर सिद्धार्थ शंकरले १६ र हेमा रमेशले १० रन बनाए । अन्य ब्याटरले दोहोरो अंकमा रन बटुल्न सकेनन् ।

ओमानलाई सस्तैमा समेट्न नेपालका युवराज खत्रीले सर्वाधिक ५ विकेट लिए । ७ ओभर बलिङ गरेका उनले २ मेडनसहित १५ रन खर्चिए । सन्तोष यादवको नाममा २ विकेट रहँदा दयान्द मण्डल, अपराजित पौडेल र अशोक धामीको नाममा समान १-१ विकेट रह्यो ।

नेपालले अब तेस्रो खेलमा बुधबार हङकङसँग खेल्ने छ । पहिलो खेलमा यूएईलाई हराएको अफगानिस्तानले सोमबार भएको अर्को खेलमा हङकङलाई हराएको छ ।

नेपाल, अफगानिस्तान, हङकङ, ओमान र यूएई सहभागी यस छनोटमा शीर्ष हुने टोली आगामी वर्ष हुने आईसीसी यु-१९ विश्वकपमा छनोट हुनेछ ।

# फोर नेसन्स कप बक्सिङमा नेपाललाई ४ स्वर्ण



**काठमाडौं/मस–** भुटानको थिम्पुमा सम्पन्न फोर नेसन्स कप बक्सिङ च्याम्पियनसिप २०२५ मा नेपालले ४ स्वर्ण, ३ रजत र २ कांस्य पदक जितेको छ । यो नतिजासँगै ४ राष्ट्र सहभागी भएको प्रतियोगितामा नेपाल दोस्रो भयो । प्रतियोगितामाभुटान पहिलो भयो ।

चार टिमको संयुक्त प्रशिक्षण शिविर पनि सम्पन्न भएको नेपाल बक्सिङ महासंघका उपाध्यक्ष श्यामकाजी अवालेले जनाएका छन् । प्रशिक्षण अप्रिल ८-१० तारिख तथा प्रतियोगिता अप्रिल ११-१३ तारिखसम्म भएको थियो ।

नेपालको ७ खेलाडी फाइनल पुगेकोमा ४ खेलाडीले स्वर्ण जित्न सफल भए । महिला ५० केजी तौलसमूहमा नेपालकी आरती बम्जनले भुटानकी जामो जिग्दाललाई ५-० अंकमा पराजित गरी पहिलो स्वर्ण दिलाइन् । महिला ५२ केजीमा नेपालकी अस्मिता दुवालले भुटानकै डेमो नोर्नुलाई ५-० अंकले आधारमा हराउँदै नेपाललाई दोस्रो स्वर्ण दिलाइन् ।

त्यसैगरी महिला ५४ केजीमा नेपालकी वर्षा श्रेष्ठले भुटानकै लामो तासीलाई ४-१ अंकको पछि पार्दै स्वर्ण जितिन् । पुरुष ५१ केजीमा नेपालका लक्ष्मण राईले भारत (सिक्कीम) का कृष्ण कैलाश राईलाई ५-० अंकको आधारमा पाखा लगाउदै स्वर्ण जिते । पुरुष ४८ केजीमा नेपालका लालप्रसाद उप्रेती भुटानका प्रतिस्पर्धात्मक खेलमा दोर्जे मगरसँग ४-१ अंकले पराजित हुँदै दोश्रो भए । पुरुष ५४ केजीमा नेपालले ठूलो आशा गरिएका चन्द्रबहादुर थापा बंगलादेशका महोमद उन्सोव संग फाइनलमा ३-२ अंकले चुके । तीन राउन्ड नै आफ्नो पक्षमा पार्दै उत्कृष्ट खेल प्रदर्शन गरेका चन्द्रले अन्तिम राउन्डमा रेफ्रिको चेतावनी पाइ अंक बराबर हुँदा पुनः जजहरूले अंक दिँदा ३ः२ ले पछि पर्दै रजतमा सीमित भए । यसअघि चन्द्रले सेमिफाइनलमा भारतका खेलाडीलाई ५-० ले पन्छाउँदै फाइनल पुगेका थिए ।

भुटान बक्सिङ संघद्वारा आयोजित प्रतियोगितामा नेपालबाट प्रशिक्षकमा मुख्य प्रशिक्षक ओलम्पियन प्रविन तुलाधर, आईबा थ्री स्टार कोच दिपक महर्जनका साथमा सहयोगी प्रशिक्षकहरु उमेश कटुवाल र सन्दिप श्रेष्ठ थिए । भुटान बक्सिङ संघको निमन्त्रणामा प्रतियोगिता संचालनका लागि टेक्निकल डेलिगेट हेडको रुपमा नेपालको पहिलो अन्तर्राष्ट्रिय टेक्निकल अफिसियल पुष्करराज पन्तलाई जिम्मेवारी दिइएको थियो ।

रेफ्रि/जजमा नेपालबाट आईबिए थ्री स्टार रेफ्री/जज धनकुमार मैनाली, टु स्टर रेफ्री/जज सन्तोष आले मगर, वान स्टार रेफ्री/जज अनुराधा लामा, जिवन कवां र राजकुमार महर्जनले निर्णायकको भूमिका निर्वाह गरेका थिए । नेपालबाट सहभागी असिम न्यौपानेले स्कोरिङ अप्रेटरको भूमिका निर्वाह गरेका थिए ।


## कुवेतमा रोजगार

कम्पनी: CUPPA RESTAURANT & CAFE CO. शहर: KUWAIT पुनः विज्ञापन
पूर्व स्वीकृत मिति: २०८१/०९/१७ चलानी नं.: ६०२३०६५४ L.T. No.: 316427

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistant Cook | 1 | 0 | सम्बन्धित काममा दक्ष | 160 | ७१,६६६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Barista | 1 | 3 | | 150 | ६७,१८७ | | | | | | | |
| 3. | Waitress (Famale) | 0 | 2 | | 150 | ६७,१८७ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख ९ गते (22 April 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Guideline Recruitment Service Pvt. Ltd. Govt.Lic.No 1061/073/74
Basundhara Chauki, Kathmandu, Tel.: 4389497,982-2506451
Email: info.guideline2024@gmail.com, Web: www.guidelinerecruitment.com

## बहराइनमा रोजगार

कम्पनी : DAR AQUA & AGRICULTURE WLL शहर : MANAMA
पूर्व स्वीकृत मिति: २०८१/०४/०१ चलानी नं.: ६०२२२३१९ LT. No.: 307572 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब BD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Farmers | 3 | 0 | स. काममा दक्ष | 120 | ४३,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख ९ गते (22 April 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

एसिया प्यासिफिक रिक्रुटमेण्ट सर्भिस प्रा. लि. श्रम ई.नं. : ५१२/०६१/०६२
बसुन्धारा, काठमाण्डौ, फोन : ४३६०५९८, ९८५१०६७६६३, Email : uddabg2@gmail.com

## साउदी र यूएईमा रोजगार

कम्पनी: SAAD DAKHNAN RUMAIH AL RASHIDI LAND TRANSPORT CO. शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८१/१२/२८ चलानी नं.:६०२३६०४० L.T. No.: 321780

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 20 | 0 | स. काममा दक्ष | 1200 | ४३,९०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी: BIDAYA AL WAAD CONTRACTING COMPANY शहर: RIYADH
पूर्व स्वीकृत मिति: २०८१/१२/२८ चलानी नं.:६०२३६०३९ L.T. No.: 321779

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labouers | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Building Electrician | 1 | 0 | | 1400 | ५१,२२६ | | | | | | | |

कम्पनी: SEHR AL QAMAR ELECTROMECHANICAL WORKS LLC शहर: UAE
पूर्व स्वीकृत मिति: २०८१/१२/३१ चलानी नं.:६०२३६०३९ L.T. No.: 321969

| सि. नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Assistanat Ac Technician | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Assistant Electricians | 1 | 0 | | 1200 | ४४,८८० | | | | | | | |
| 3. | Pipe Fitter | 3 | 0 | | 1500 | ५६,१०० | | | | | | | |
| 4. | Plumber | 2 | 0 | | 1500 | ५६,१०० | | | | | | | |
| 5. | Plumber Assistant | 1 | 0 | | 1200 | ४४,८८० | | | | | | | |
| 6. | Welder Tech. | 2 | 0 | | 1500 | ५६,१०० | | | | | | | |
| 7. | Welder/assistant Welder | 1 | 0 | | 1200 | ४४,८८० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ बैशाख ९ गते (22 April 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Talent International Management Service Pvt. Ltd.
कलंकी-१३, काठमाण्डौ, नेपाल (Near Dristi eyes hospital)
E:mail: timss@yahoo.com, Web.: www.timssnepal.com
Tel number:- 015234603 | 9851093570, 9840874805, 9842004081, 9813304725
श्रम इजाजत नं. ५५८/०६८/६९


# ग्लोबल आइएमई बैंक लिमिटेडको

## धितोमा रहेको तपसिल बमोजिमको सम्पत्ति लिलाम बिक्री सम्बन्धी ७ दिने गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको सूचना

**प्रकाशित मिति: २०८२/०१/०२ गतेको मध्यान्ह राष्ट्रिय दैनिक**

यस बैंकबाट तपसिलमा उल्लिखित ऋणीले ऋण कर्जा उपभोग गर्दाका बखत गरेका लिखत तथा सम्झौता बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, व्याज, पेनाल व्याज तथा अन्य दस्तुर पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत चुक्ता भुक्तान नगरे पश्चात कर्जा तिर्न बुझाउन आउने बारेको ३५ (पैंतीस) दिने तथा १५ (पन्ध्र) दिने धितो लिलामको सार्वजनिक सूचना प्रकाशित गर्दा समेत ऋणीहरुले उक्त समयमा पनि कर्जाको साँवा, व्याज नतिरि नवुझाई बसेको हुँदा ऋण कर्जा उपभोग गरे वापत बैंकको नाममा धितो बन्धक/रोक्का लेखिदिएको तपसिल बमोजिमको चल/अचल सम्पत्तिहरु जहां जे जस्तो अवस्थामा छ सोहि अवस्थामा बैंक तथा वित्तिय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरि गोप्य शिलबन्दी बोलपत्र प्रकृयाद्वारा लिलाम बिक्री गरी बैंकको लेना असुल उपर गरिने भएकाले धितो लिलाम बिक्री गर्ने सम्बन्धी यो ७ (सात) दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

उल्लिखित सम्पत्ति खरिद गर्न इच्छुक महानुभावहरुले तपसिलमा उल्लिखित शर्त बन्देजको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आव्हान गरिन्छ । साथै, धितो सुरक्षणमा रहेको सम्पत्तिको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण वक्यौता असुल उपर हुन नसकेको रकमको हदसम्म बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सो को नियमावली, २०५९ तथा अन्य प्रचलित कानून बमोजिम ऋणी तथा जमानतकर्ताहरुको अन्य घर घरानाबाट असुल उपर गर्न असुली प्रकृया अगाडि बढाइने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराइन्छ ।

साथै प्रचलित कानून तथा नेपाल राष्ट्र बैंकको निर्देशन, परिपत्र, सूचना अनुसार कर्जासँग सम्बन्धित पक्षहरुलाई कालोसूचिमा समावेश गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ । यसै सूचनालाई आधार मानि ऋणी, धितो जमानत तथा संस्थागत/व्यक्तिगत जमानत दिनु हुने व्यक्तिहरुले लिलाम बिक्री हुने दिन अगावै बैंकको सम्पूर्ण बाँकी बक्यौता रकम चुक्ता भुक्तान गरी कर्जा राफसाफ गरेमा लिलामी पत्रिया स्थगित गरिने व्यहोरा समेत जानकारी गराइन्छ ।

**तपसिल**

**बिर्तामोड शाखा, झापा**

| ऋणीको विवरण | व्यक्तिगत जमानत दिनेको विवरण | | |
|---|---|---|---|
| नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २०६६५४/०७५/७६ अन्तर्गत मिति २०७५/०९/३० मा दर्ता कायम भएको **न्यौपाने ब्रदर्श कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि.** कम्पनी दर्ता ठेगानाः विर्तामोड न.पा. -३, झापा स्थायी लेखा नं. ६०६५६६७४० मिति २०७५/१०/०२ **संचालकः कपिल न्यौपाने** **कर्जा शिर्षकः सवारी साधन कर्जा** | **कपिल न्यौपाने** ना.प्र.नं. ०१२८८५ जारी मिति २०५२/०१/२९ जि.प्र.का. झापा बाबुको नामः माधव प्रसाद न्यौपाने बाजेको नामः नन्द लाल न्यौपाने स्थायी ठेगानाः अनारमनी -७, झापा हालको ठेगानाः बिर्तामोड न.पा. -३, झापा | **बिमला चुडाल न्यौपाने** ना.प्र.नं. ०१२८८६६० जारी मितिः २०५७/१२/१७ जि.प्र.का. झापा बाबुको नामः लक्ष्मी प्रसाद चुडाल पतिको नामः कपिल न्यौपाने ससुराको नामः माधव प्रसाद न्यौपाने स्थायी ठेगानाः बिर्तामोड न.पा. -३, झापा | **उद्धिम न्यौपाने** ना.प्र.नं. ०१२८२११४ जारी मितिः २०५४/०९/१५ जि.प्र.का. झापा बाबुको नामः माधव प्रसाद न्यौपाने बाजेको नामः नन्द लाल न्यौपाने स्थायी ठेगानाः अनारमनी -७, झापा हालको ठेगानाः बिर्तामोड न.पा. -३, झापा |

**धितोको विवरण (सवारी साधनको विवरण)**

| सवारी मोडेल | सवारी दर्ता नं. | बनेको साल | इन्जिन नं. | च्यासिस नं. |
|---|---|---|---|---|
| Kobelco SK140 XD | मे १ क ७४४ | २०१८ | D04FR-026207 | YP09-B0721 |

**लिलाम बिक्री सम्बन्धी अन्य शर्त बन्देजहरु:**

१. बोलपत्र आवेदन फाराम यस बैंकको केन्द्रिय कार्यालय कर्जा असुली विभाग तथा सम्बन्धित शाखा कार्यालयबाट कार्यालय समय भित्र रु. १,०००/- (पछि फिर्ता नहुने गरी) तिरी प्राप्त गर्न सकिनेछ ।
२. बोलपत्र फाराममा आफूले बोलकवोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नु पर्नेछ ।
३. माथि उल्लिखित धितो सुरक्षणहरु सम्पूर्ण जे जस्तो अवस्था र परिमाणमा छ सोही अवस्थामा खरिद गर्न बेग्लाबेग्लै वा एकमुष्ठ बोलपत्र पेश गर्न सकिनेछ ।
४. बोलपत्रसाथ आफूले कवोल गरेको रकमको कम्तीमा १० प्रतिशतले हुन आउने धरौटी रकम यस बैंकको नाममा खिचिएको बैंकको गुडफर पेमेन्ट चेक वा बैंकको ड्राफ्ट वा नगद बैकको खाता नं. EARNEST MONEY DEPOSIT FOR AUCTION A/C NO XXX 2610524002 मा जम्मा गरेको भौचर समेत गोप्य शिलबन्दी बोलपत्र साथ समाबेश गरी पेश गर्नु पर्नेछ । साथै उपरोक्त बमोजिम बोलपत्र पेश गर्दा शिलबन्दी खामको बाहिर पृष्ठमा के कुन सम्पत्तिको लागि बोलपत्र पेश गरेको हो सो कुरा स्पष्ट रुपमा उल्लेख गरेको हुनु पर्नेछ ।
५. बोलपत्रमा बोलपत्रदाता व्यक्ति भए नागरिकता प्रमाणपत्रको प्रतिलिपि र फर्म/कम्पनी/संस्था भएमा दर्ता प्रमाणपत्र, पान दर्ता प्रमाणपत्र, कर दाखिला प्रमाणपत्र तथा कम्पनीको निर्णयको प्रतिलिपि पेश गर्नु पर्नेछ ।
६. बोलपत्र खोलिने दिनमा सार्वजनिक विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिनमा तोकिएको स्थान र समयमा लिलाम बिक्री सम्बन्धी कार्य हुनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएमा पनि बोलपत्र खोल्न बाधा पुग्ने छैन ।
७. लिलाम बिक्री हुने सम्पत्ति सम्बन्धी कागजात र अन्य कुरा बुझ्न हेर्न चाहानु हुने महानुभावहरुले यस बैंकको कर्जा असुली विभाग तथा धितो रहेको नजिकको शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सक्नु हुनेछ ।
८. बोलपत्र स्वीकृत भएको पत्रको भाखा अवधि भित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफ्नो नाममा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र रकम जम्मा नगर्नु भएमा बोलपत्र रद्ध भई धरौटी रकम स्वतः जफत हुनेछ । सम्पत्ति नामसारी भईसकेपछि साविकको भोगचलनकर्ताबाट हकभोग छुटाइ सकार गर्नेको हकभाग कायम गर्ने दायित्व सम्बन्धित खरिदकर्ताको हुनेछ ।
९. स्वीकृत भएको बोलपत्र अनुसारको सम्पत्ति बोलपत्रदाताको नाममा नामसारी दाखेल खारेज गर्दा लाग्ने रजिष्ट्रेशन दस्तुर, घरजग्गा कर, पूँजीगत लाभकर तथा अन्य शुल्क इत्यादी बोलपत्रदाताले नै व्यहोर्नु पर्नेछ । स्वीकृत बोलपत्रदाताको नाममा सम्पत्ति दा.खा. गर्दा कुनै कानुनी वा अन्य कारणबाट समयानै घर जग्गा नामसारी हुन नसकेमा नामसारी हुन नसकेको अवधिमा बोलपत्रदाताले जम्मा गरेको रकममा कुनै व्याज प्रदान गरिने छैन साथै कानुनी वा अन्य बाधा अडचनहरु समाधान पश्चात धितो नामसारी गरि हक हस्तान्तरण गरिनेछ ।
१०. बोलपत्र दाखिल भईसकेपछि बोलपत्रमा उल्लिखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने निर्णय नभए सम्म धरौटी रकम फिर्तादिइने छैन ।
११. रित नपुगी वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्ध हुनेछ ।
१२. कारण खुलाई वा नखुलाई बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहनेछ ।
१३. बोलपत्र सदर भई सम्बन्धित स्वीकृत बोलपत्रदाताको नाममा धितो सम्पत्ति नामसारी हुनु अगावै ऋणी वा जमानतकर्ताले सम्पूर्ण रकम बुझाई कर्जा चुक्ता गरेमा वा प्राप्त बोलपत्र बैंकलाई स्वीकार्य नभएमा बोलपत्रहरु रद्ध गरी बोलपत्रदाताले बोलपत्रबापत बुझाएको सम्पूर्ण रकम विना ब्याज फिर्ता दिइनेछ ।
१४. लिलाम बिक्री गर्ने भनिएको उल्लिखित सम्पत्ति कसैले सकार नगरेमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ ले दिएको अधिकार प्रयोग गरि यस बैंकले आफै सकार गरी सो को स्वामित्व लिन वा पुनः लिलामी प्रक्रियामा लैजान सक्नेछ ।
१५. प्राप्त बोलपत्र बैंकलाई चित्तबुझ्दो नलागेमा बोलपत्र दाखिला गर्ने सम्पूर्ण बोलपत्रदातालाई आफुले कबोल गरेको बोलपत्र रकममा थप सहितको रकम अंकित गरी पुनः निवेदन मार्फत कुल सकार रकम सहितको बोलपत्र पेश गर्न निश्चित समय सीमा दिई बैंकले लिखीत अनुरोध गर्न सक्नेछ । यसरी थप सहितको कबोल गरेको अधिकतम कबोल रकममा लिलाम स्वीकार गर्ने नगर्ने सम्पूर्ण अख्तियारी बैंकमा निहित रहनेछ ।
१६. लिलाम बिक्री प्रकृयाबाट धितो सकार गर्न स्वीकृत भएको बोलपत्रदाताले लिलाम सकार गर्ने सम्पत्ति खरिद गर्न कर्जा माग गरेमा बैंकको आन्तरीक नियम तथा प्रचलित ऐन कानूनको अधिनमा रहि Auction Finance को सुविधा प्रदान गर्न सकिनेछ । यस सम्बन्धमा निर्णय गर्ने पुर्ण अधिकार बैंकमा निहित रहनेछ ।
१७. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरिए बमोजिम हुनेछ ।

**बोलपत्र पेश गर्ने अन्तिम मितिः २०८२ वैशाख ०८ गते (कार्यालय समय भित्र), बोलपत्र खोलिने मितिः २०८२ वैशाख ०९ गते**
**समयः दिउँसो ३ बजे, स्थानः सम्बन्धित शाखा कार्यालयमा**

**नोटः ऋणी तथा जमानतकर्ता बाहेकका सूचनामा उल्लिखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनका लागि मात्र प्रयोग गरिएको ।**

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

**कर्पोरेट कार्यालयः कमलादी, काठमाडौं**
**फोन नं.: ०१-५३२८६७१/५३२६३४७**
**ग्लोबल कनेक्टः ०१-५९७०६००**

# एनएमबि बैंक लिमिटेड बबरमहल, काठमाडौंको तपसिलको ऋणीहरूलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ (पैंतिस) दिने सूचना

**(प्रकाशित मितिः २०८२/०१/०२ को मध्यान्ह राष्ट्रिय दैनिक)**

यस बैंकको तपसिलमा उल्लेखित ऋणीहरूले विभिन्न कर्जा शिर्षक अन्तर्गत लिएको ऋणकर्जाको तोकिएको समयाबधी भित्रमा तिर्नु बुझाउनु पर्ने रकमहरु तिर्न बुझाउनका लागी पटक पटक लिखित तथा मौखिक तरताकेता गर्दा समेत नतिरी, नबुझाई ऋणकर्जा सम्बन्धि शर्त बन्देजहरुको उल्लंघन गर्नु भएकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न ल्याउने बारेको यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतीस) दिनभित्र यस बैंकमा सम्पर्क राखी तपाई ऋणीहरुले लिएको ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज लगायत अन्य दायित्वहरु समेत चुक्ता भुक्तान गर्नुहोला । उपरोक्त तोकिएको म्यादभित्र बैंकलाई तिर्नु, बुझाउनु पर्ने सम्पूर्ण रकम (साँवा, ब्याज, हर्जाना ब्याज आदि) नबुझाएमा प्रचलित कानुन तथा ऋणी र यस बैंकबीच भएको लिखतको शर्त अनुसार ऋणीको नाम कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गरिने तथा धितोमा रहेको तपसिलमा उल्लेखित सम्पत्तिहरु लिलाम बिक्री गरी यस बैंकको लेना रकम असुल उपर गरिनेछ । कथंकदाचित लिलाम बिक्रीबाट प्राप्त रकमले लेना रकम असूल उपर हुन नपुग भएमा वा धितोको सम्पत्ति लिलाम बिक्री हुन नसकेमा प्रचलित कानून बमोजिम अन्य कानूनी कारवाहीहरुको प्रकृया थालनी गरिने ब्यहोरा समेत सम्बन्धित ऋणी, व्यक्तिगत जमानतकर्ताहरु तथा धितो जमानी दिनु हुने महानुभावहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराउँदछौं ।

**तपसिल**

**ऋणी, कर्जा शिर्षक, व्यक्तिगत जमानतकर्ताहरु र धितो लेखिदिएको सम्पत्तिको विवरण**

**१. ऋणीको नामः शिव आल्मुनियम एण्ड फेब्रिकेशन** **कर्जा शिर्षकः** क्यास क्रेडिट, डिमाण्ड कर्जा र सवारी साधन कर्जा
(प्रदेश सरकार, प्रदेश नं. २, उद्योग, पर्यटन, वन तथा वातावण मन्त्रालय, उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय सर्लाही, मलंगवामा दर्ता रहेको), दर्ता नं.: ७२४७/०७५/०७६, दर्ता मितिः २०७५/१०/११, स्थायी लेखा नं.: ६०९१२९९७९, ठेगानाः सर्लाही जिल्ला, धनकौल गा.पा., वडा नं. ५ ।

**प्रोप्राईटर तथा व्यक्तिगत जमानतकर्ताः**
**राजेश कुमार झाः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ३६४३२१९८ (२०६२/०४/२१/सर्लाही), बाजेको नामः सीताराम झा, बाबुको नामः नरेश झा, ठेगानाः सर्लाही जिल्ला, हरकठवा गा.वि.स., वडा नं. ७ परिवर्तित सर्लाही जिल्ला, धनकौल गा.पा., वडा नं. ५ ।

**व्यक्तिगत जमानतकर्ताहरू:**
**क. धिरज कुमार झाः** ना.प्र.प.नं. (जारी मिति/स्थान): १९१०७२/२०४ (२०६६/०४/०५/सर्लाही), बाजेको नामः सीताराम झा, बाबुको नामः नरेश झा, ठेगानाः सर्लाही जिल्ला, हरकठवा गा.वि.स., वडा नं. ७ परिवर्तित सर्लाही जिल्ला, धनकौल गा.पा., वडा नं. ५ ।
**ख. कोमल कुमारी झाः** ना.प्र.प.नं. (जारी मिति/स्थान): १९-०१-७५-१०३९३ (२०७५/१०/०८/सर्लाही), बाबुको नामः आनन्द कुमार झा, ससुराको नामः नरेश झा, पतिको नामः धिरज कुमार झा, ठेगानाः सर्लाही जिल्ला, बसबरीया गा.पा., वडा नं. ६ स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला, धनकौल गा.पा., वडा नं. ५ ।
**ग. मंजु कुमारीः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ४ (२०४६/०२/०९/सर्लाही), बाबुको नामः दिवाकर झा, ससुराको नामः सीताराम झा, पतिको नामः नरेश झा, ठेगानाः सर्लाही जिल्ला, हरकठवा गा.वि.स., वडा नं. ७ परिवर्तित सर्लाही जिल्ला, धनकौल गा.पा., वडा नं. ५ ।
**घ. सन्तोषी कुमारीः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ३२-०१-६९-०७२६३ (२०६९/०९/२९/सर्लाही), बाबुको नामः जितेन्द्र झा, ससुराको नामः नरेश झा, पतिको नामः राजेश कुमार झा, ठेगानाः सर्लाही जिल्ला, धनकौल गा.पा., वडा नं. ५ ।

**२. ऋणीको नामः राजेश कुमार झा** **कर्जा शिर्षकः** व्यक्तिगत ओभरड्राफ्ट
ना.प्र.प.नं. (जारी मिति/स्थान): ३६४३२१९८ (२०६२/०४/२१/सर्लाही), बाजेको नामः सीताराम झा, बाबुको नामः नरेश झा, ठेगानाः सर्लाही जिल्ला, हरकठवा गा.वि.स., वडा नं. ७ परिवर्तित सर्लाही जिल्ला, धनकौल गा.पा., वडा नं. ५ ।

**व्यक्तिगत जमानतकर्ताहरू:**
**क. धिरज कुमार झाः** ना.प्र.प.नं. (जारी मिति/स्थान): १९१०७२/२०४ (२०६६/०४/०५/सर्लाही), बाजेको नामः सीताराम झा, बाबुको नामः नरेश झा, ठेगानाः सर्लाही जिल्ला, हरकठवा गा.वि.स., वडा नं. ७ परिवर्तित सर्लाही जिल्ला, धनकौल गा.पा., वडा नं. ५ ।
**ख. कोमल कुमारी झाः** ना.प्र.प.नं. (जारी मिति/स्थान): १९-०१-७५-१०३९३ (२०७५/१०/०८/सर्लाही), बाबुको नामः आनन्द कुमार झा, ससुराको नामः नरेश झा, पतिको नामः धिरज कुमार झा, ठेगानाः सर्लाही जिल्ला, बसबरीया गा.पा., वडा नं. ६ स्थायी ठेगाना भई हाल सर्लाही जिल्ला, धनकौल गा.पा., वडा नं. ५ ।
**ग. मंजु कुमारीः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ४(२०४६/०२/०९/सर्लाही), बाबुको नामः दिवाकर झा, ससुराको नामः सीताराम झा, पतिको नामः नरेश झा, ठेगानाः सर्लाही जिल्ला, हरकठवा गा.वि.स., वडा नं. ७ परिवर्तित सर्लाही जिल्ला, धनकौल गा.पा., वडा नं. ५ ।
**घ. सन्तोषी कुमारीः** ना.प्र.प.नं. (जारी मिति/स्थान): ३२-०१-६९-०७२६३ (२०६९/०९/२९/सर्लाही), बाबुको नामः जितेन्द्र झा, ससुराको नामः नरेश झा, पतिको नामः राजेश कुमार झा, ठेगानाः सर्लाही जिल्ला, धनकौल गा.पा., वडा नं. ५ ।

**माथि उल्लेखित दुई ऋणीहरुको लागि धितो लेखिदिएको सम्पत्तिहरुको विवरणः**
दिवाकर झाको छोरी, सीताराम झाको बुहारी, नरेश झाको पत्नी, सर्लाही जिल्ला, हरकठवा गा.वि.स., वडा नं. ७ परिवर्तित सर्लाही जिल्ला, धनकौल गा.पा., वडा नं. ५ बस्ने **मंजु कुमारी**को नाममा मालपोत कार्यालय वरहथवा, सर्लाहीको लगतमा दर्ता श्रेष्ता कायम रहेको निम्नानुसारको धितो सम्पत्तिहरू:
**क.** सर्लाही जिल्ला, गंगापुरसीतापुर गा.वि.स./न.पा., वडा नं. ५/ग स्थित कि.नं. ४३५, ४३६, ५५६ र ८३१ को क्षेत्रफल क्रमशः ०-६-०-०, ०-३-१०-०, ०-४-१०-० र ०-२-१५-० बिघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।
**ख.** सर्लाही जिल्ला, गंगापुरसीतापुर गा.वि.स./न.पा., वडा नं. ८/ख स्थित कि.नं. ४१९३, ४१९६ र ४२७१ को क्षेत्रफल क्रमशः ०-०-६-०, ०-०-६-० र ०-०-५-८ बिघाको जग्गा र उक्त जग्गामा बनेको घरटहरा लगायत सम्पुर्ण लिगलगापात समेत ।

**ऋणी शिव आल्मुनियम एण्ड फेब्रिकेशनलाई धितो लेखिदिएको सवारीसाधनको विवरणः**
धनी एनएमबि बैंक लि./ ऋणी **शिव आल्मुनियम एण्ड फेब्रिकेशन**को नाममा प्रदेश नं. २ यातायात व्यवस्था कार्यालयमा दर्ता कायम रहेको निम्नानुसारको सवारीसाधनः
**सवारीसाधनको विवरणः**
कम्पनीः MAHINDRA AND MAHINDRA LTD., मोडलः MAHINDRA BOLERO, सवारी दर्ता नं.: प्रदेश २-०३-००१ च ३९०९, बनेको सालः २०२१, च्यासिस नं.: MA१RU४TBKM३E८८०३९, इन्जिन नं.: TBM४D७९६८२

**३. ऋणीको नामः राजेश कुमार झा** **कर्जा शिर्षकः** क्रेडिट कार्ड
ना.प्र.प.नं. (जारी मिति/स्थान): ३६४३२१९८ (२०६२/०४/२१/सर्लाही), बाजेको नामः सीताराम झा, बाबुको नामः नरेश झा, ठेगानाः सर्लाही जिल्ला, हरकठवा गा.वि.स., वडा नं. ७ परिवर्तित सर्लाही जिल्ला, धनकौल गा.पा., वडा नं. ५ ।

**४. ऋणीको नामः धिरज कुमार झा** **कर्जा शिर्षकः** क्रेडिट कार्ड
ना.प्र.प.नं. (जारी मिति/स्थान): १९१०७२/२०४ (२०६६/०४/०५/सर्लाही), बाजेको नामः सीताराम झा, बाबुको नामः नरेश झा, ठेगानाः सर्लाही जिल्ला, हरकठवा गा.वि.स., वडा नं. ७ परिवर्तित सर्लाही जिल्ला, धनकौल गा.पा., वडा नं. ५ ।

NMB BANK एनएमबि बैंक
समृद्ध नेपालको लागि
A JOINT VENTURE WITH FMO Entrepreneurial Development Bank The Netherlands
Member of : Global Alliance for Banking on Values

**एनएमबि बैंक लिमिटेड**
कर्जा असुली विभाग, नक्साल, काठमाण्डौं
सम्पर्क नं. ९७७-०१-४५४६४५४, ०१-४५३८६४७, ९८५११३९४१९

# पर्यटन क्षेत्र आयआर्जन र समृद्धिको आधार : राष्ट्रपति पौडेल



**भक्तपुर/मस** – राष्ट्रपति रामचन्द्र पौडेलले न्यून आर्थिक वृद्धिको चक्रबाट मुक्ति लिँदै नेपाली अर्थतन्त्रमा सुधार गरी संघीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण गर्नुपर्ने बताएका छन् । नगरकोटको बतासे डाँडामा सोमबार आयोजना गरिएको 'नगरकोट भ्रमण वर्ष-२०८२' को शुभारम्भ कार्यक्रममा उनले संघीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरण र नेपाली जनताले चाहेको तीव्र विकासको आकांक्षा पूरा गर्नु सबैको साझा दायित्व भएको बताए ।

'पर्यटन, कृषि, जलस्रोत, ऊर्जा, सूचना प्रविधि र उद्योगधन्दा मुलुकको अर्थतन्त्रको मूल मेरुदण्ड हुन्, आर्थिक वृद्धिका लागि यी क्षेत्रमा विद्यमान समस्या समाधान गरेर उपयुक्त नीति, कानुन र अवसरको सिर्जना गर्नु राज्यको प्राथमिक दायित्व हो, रोजगारीका अवसर सिर्जना, लगानीयोग्य वातावरण निर्माण, उत्पादनको लागत घटाएर प्रतिस्पर्धा प्रवर्द्धन गरी औद्योगीकरणलाई बढावा दिनु पनि उत्तिकै जरुरी छ', राष्ट्रपति पौडेलले भने, 'न्यून आर्थिक वृद्धिको चक्रबाट मुक्ति लिँदै नेपाली अर्थतन्त्रमा सुधार गरी संघीय लोकतान्त्रिक गणतन्त्रको सुदृढीकरणसहित तीव्र विकासको आकांक्षा पूरा गर्नु सबैले भूमिका खेलौँ ।'

सांस्कृतिक, ऐतिहासिक, धार्मिक धरोहरलाई आर्थिक विकासमा रूपान्तरण गर्न पूर्वाधारको विकास र कौशल बढाउनुपर्ने आवश्यकता औँल्याउँदै राष्ट्रपति पौडेलले यस क्षेत्रको विशिष्टता, प्राकृतिक सौन्दर्य, संस्कृति, सभ्यतालाई नेपाल र विश्व पर्यटन बजारमा प्रवर्द्धन गरी पर्यटन क्षेत्रलाई आयआर्जन र समृद्धिको आधारका रूपमा स्थापित गर्न सकिने प्रचुर सम्भावना रहेको बताए ।

उनले भने, 'पर्यटकीय उपजहरूको व्यवसायीकरण गरी यसबाट प्राप्त लाभको समन्यायिक वितरण सुनिश्चित गर्न आवश्यक छ, पर्यटकीय वस्तुको विकास, बजारीकरण र सहज पहुँचको व्यवस्था गरी नेपाललाई पर्यटकीय गन्तव्यको रूपमा विकास गर्नुपर्दछ ।'

राष्ट्रपति पौडेलले काठमाडौंको उकुसमुकुसबाट उम्केर प्रकृतिमय क्षण व्यतित गर्ने उत्कट चाहना राख्नेका लागि नगरकोट नजिकको रोजाइस्थल भएको उल्लेख गर्दै यो क्षेत्र संस्कृति, प्रकृति, इतिहास र भौगोलिक आकर्षणका लागि गौरव भएको उल्लेख गरे ।

'जसले देश विदेशमा चिनाउन र पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न योगदान दिएको छ, यसलाई अझै विकसित, आधुनिक र सुविधा सम्पन्न बनाउन स्थानीय बासिन्दा, उद्यमी, पर्यटन व्यवसायीसहित संघ, प्रदेश र विशेषतः यहाँका चार वटै नगरपालिकाको सहकार्य बढी अपेक्षित रहेको मैले ठानेको छु', उनले भने ।

राष्ट्रपति पौडेलले उत्तरतर्फका सुन्दर हिमशृंखला, सूर्योदय र सूर्यास्त एवं सुन्दर काठमाडौं उपत्यका अवलोकनको लागि स्वदेशी तथा विदेशी पर्यटकबीच नगरकोटको महिमा अधिक रहेको उल्लेख गरे ।

'यसको निकटमा अवस्थित विश्व सम्पदा सूचीमा सूचीकृत चाँगुनारायण मन्दिर, पौराणिक प्रसंग जोडिएको महादेव पोखरी, मञ्जुश्री गुफा, ऐतिहासिक भङ्गेरी र पुतली दरबार, शंखरापुर नगरपालिकाको प्रसिद्ध शालीनदी तथा बज्रयोगिनी माईको मन्दिर एवं साँखु बजारको ऐतिहासिक, पुरातात्विक सम्पदासँगै यसलाई केन्द्रमा राखेर विस्तार हुँदै गएको पदयात्रा मार्गले यहाँको पर्यटकीय गतिविधिलाई बढाएको छ', उनले भने ।

नगरकोटलाई मूलविन्दु बनाएर चार वटै नगरपालिकाले आ-आफ्नो क्षेत्रका सम्पदा एवं ऐतिहासिकस्थलको प्रवर्द्धन गर्न अगाडि बढ्नु प्रशंसनीय रहेको भन्दै राष्ट्रपति पौडेलले पर्यटन पूर्वाधारको विस्तार र सहज आवागमनका लागि सडकको स्तरोन्नति गर्नेतर्फ ध्यान दिन जरुरी रहेको बताए । उनले नगरकोट भ्रमण वर्षले विकासको प्रमुख आधारशिला पर्यटन क्षेत्रबाट लाभ लिएर मुलुकको आर्थिक समृद्धिमा योगदान दिने विश्वास व्यक्त गरे ।

# खर्च भएन विकास बजेट, ९ महिनामा २९ प्रतिशतमा सीमित

**मध्यान्ह संवाददाता**
काठमाडौं, १ बैशाख ।



चालु आर्थिक वर्ष २०८१/८२ को तेस्रो त्रैमासिक अवधिसम्ममा विकास खर्च २९ प्रतिशतमा खुम्चिएको छ। महालेखा नियन्त्रक कार्यालयको तथ्यांकअनुसार चैत ३० गतेसम्मको सरकारको पुँजीगत खर्च एक खर्ब दुई अर्ब ९० करोड बराबर मात्रै छ ।

पुँजीगत शीर्षकमा चालु आर्थिक वर्षका लागि सरकारले तीन खर्ब ५२ अर्ब ३५ करोड ४० लाख बराबर विनियोजन गरेको थियो । वार्षिक विनियोजनको तुलनामा हालसम्मको पुँजीगत खर्च २९ दशमलव दुई प्रतिशत हो । विकास खर्च मात्र नभई यो अवधिको समग्र बजेट खर्च कमजोर देखिएको छ ।

वार्षिक विनियोजनको तुलनामा चैत मसान्तसम्ममा ५३ दशमलव ६७ प्रतिशत बराबर बजेट खर्च भएको हो । चालु आर्थिक वर्षका लागि सरकारले १८ खर्ब ६० अर्ब ३० करोड ३० लाख बराबरको बजेट ल्याएको थियो । चैत मसान्तसम्ममा नौ खर्ब ९८ अर्ब ५० करोड बराबर खर्च भएको छ ।

त्यस्तै, चालु शीर्षकमा ११ खर्ब ४० अर्ब ६६ करोड विनियोजन भएकामा ५९ दशमलव ४५ प्रतिशत अर्थात् छ खर्ब ७८ अर्ब छ करोड बराबर खर्च भएको महालेखा नियन्त्रक कार्यालयले जनाएको छ । वित्तीय व्यवस्था शीर्षकमा चैत मसान्तसम्मको खर्च ५९ दशमलव २३ प्रतिशत बराबर छ । चालु आर्थिक वर्षका लागि यो शीर्षकमा सरकारले तीन खर्ब ६७ अर्ब २८ करोड ४५ प्रतिशत बराबर विनियोजन गरेकामा वार्षिक विनियोजनको ५९ दशमलव २३ प्रतिशत खर्च भएको हो ।

यो अवधिको राजस्व संकलन पनि कमजोर छ । कुल १४ खर्ब १९ अर्ब ३० करोड बराबर राजस्व उठाउने लक्ष्य राखिएकोमा चैत २९ गतेसम्म आठ खर्ब २१ अर्ब ६७ करोड बराबर मात्रै राजस्व उठेको छ । यो वार्षिक लक्ष्यको ५७ दशमलव ८९ प्रतिशत बराबर हो । त्यस्तै, यस वर्ष ५२ अर्ब ३२ करोड ६५ लाख बराबर वैदेशिक अनुदान उठाउने लक्ष्य रहेकामा हालसम्म वार्षिक लक्ष्यको २७ दशमलव २७ प्रतिशत अर्थात् १४ अर्ब २६ करोड ८८ लाख रुपैयाँ बराबर मात्रै अनुदान उठेको छ ।

# अधिकांश बैंकको ब्याजदर स्थिर

**काठमाडौं/मस** – बैशाख महिनाका लागि अधिकांश वाणिज्य बैंकहरूले व्यक्तिगत मुद्दति निक्षेपको ब्याजदर यथावत राखेका छन् । वैशाख १ गतेदेखि लागू हुनेगरी बैकहरूले नयाँ ब्याजदर सार्वजनिक गरेका हुन् ।

जसमा तीन वटा बैंकले व्यक्तिगत मुद्दति निक्षेप तर्फको अधिकतम ब्याजदर घटाएका छन् भने १६ वटा बैंकको ब्याजदर चैत महिनाकै रहेको छ । २०८२ बैशाख महिनाका लागि नेपाल बैंक, सानिमा र कुमारी बैंकले ब्याजदर घटाएका छन् ।

नेपाल बैंकले व्यक्तिगत निक्षेपमा चैतको ५.५ प्रतिशत दरलाई घटाएर बैशाखमा ५.१५ प्रतिशत बनाएको छ भने संस्थागत निक्षेपमा ५.१५ बाट घटाएर ४ प्रतिशत तोकेको छ । यस्तै, सानिमा बैंकले व्यक्तिगततर्फ ६.०५ बाट घटाएर ५.९५ प्रतिशत तथा संस्थागतमा ४.३ बाट ४.२ प्रतिशत पुऱ्याएको छ । कुमारी बैंकले पनि व्यक्तिगत निक्षेपमा ६.०१ बाट घटाएर ५.९२ प्रतिशत र संस्थागतमा ५.०१ बाट ४.९२ प्रतिशत तोकेको छ ।

एभरेष्ट बैंकले भने बैशाख महिनाका लागि ब्याजदर बढाएको छ। एभरेष्टले व्यक्तिगत निक्षेपको ब्याजदर ६ प्रतिशतबाट बढाएर ६.६१ प्रतिशत र संस्थागत निक्षेपको ब्याजदर ५ बाट बढाएर ५.६१ प्रतिशत पुऱ्याएको छ ।

अन्य वाणिज्य बैंकहरूले भने चैत महिनाकै दरलाई यथावत राखेका छन् । जसमध्ये एनएमबि र एनआइसी एशिया बैंकले व्यक्तिगततर्फ ६.६ र संस्थागततर्फ ५.६ प्रतिशत ब्याज दिनेछन् । नेपाल इन्भेष्टमेन्ट मेगा बैंकले व्यक्तिगतमा ६.५ र संस्थागतमा ५.१ प्रतिशत, प्राइम कमर्सियलले व्यक्तिगतमा ६.२५ र संस्थागतमा ३.५ प्रतिशत ब्याज दिनेछन् । स्ट्याण्डर्ड चार्टर्डले व्यक्तिगततर्फ ६.२५ र संस्थागततर्फ ३.२५ प्रतिशत ब्याज कायम राखेको छ भने प्रभूले व्यक्तिगतमा ६.१ र संस्थागतमा ५ प्रतिशत ब्याज दिने निर्णय गरेको छ ।

त्यस्तै, ग्लोबल आइएमई, माछापुच्छ्रे सिद्धार्थ, र राष्ट्रिय वाणिज्य बैंकले व्यक्तिगत मुद्दति निक्षेपमा ६ प्रतिशत ब्याजदर तोकेका छन् । हिमालयन र नेपाल एसबिआई बैंकले व्यक्तिगत निक्षेपमा ५.५ प्रतिशत ब्याज दिएको छ । लक्ष्मी सनराइज र नबिल बैंकले व्यक्तिगत मुद्दति निक्षेपमा समानरूपमा ५.७५ प्रतिशत सिटिजन्स बैंकले व्यक्तिगत निक्षेपमा ५.६५ प्रतिशत र कृषि विकास बैंकले व्यक्तिगतमा ५.५१ प्रतिशत ब्याजदर तोकेको छ ।

# काफल बेचेर मासिक ५० हजार कमाइ

**सुर्यप्रसाद भुसाल/मध्यान्ह**
अर्घाखाँची, १ बैशाख ।



अर्घाखाँचीको सदरमुकाम सन्धिखर्कदेखि कपिलवस्तुको गोरुसिङ्गे सडक खण्डका ठाँउ-ठाँउमा काफल बेच्चेहरूको लाइन लाग्ने गर्दछ । राजमार्ग आसपास क्षेत्रमा गाउँबाट काफल लिएर बिक्री गर्ने गरिन्छ । जंगलमा फल्ने काफल अहिले त्यस क्षेत्रका मानिसको आम्दानीको राम्रो स्रोत बनेको छ ।

मौसमअनुसारका फलफूलको व्यापार गरेर आम्दानी गर्दै आएका स्थानीय महिलाहरू अहिले काफलबाट राम्रो आम्दानी गरिरहेका छन् । अर्घाखाँची सदरमुकाम र राजमार्ग आसपास क्षेत्रमा मौसम अनुसारका फलफूल तथा काफल बेच्नेको लाइन नै लाग्ने गरेको छ । काफल बेचेर उनीहरूले दैनिक पाँच हजारदेखि सात हजारसम्म आम्दानी गर्ने गरेका छन् । सन्धिखर्क बजारदेखि सुपादेउराली, घुम्ती बजारमा जगतबाट टिपेर ल्याएका काफल बेचेर मात्रै दैनिक पाँच हजारसम्म आम्दानी गर्ने गरेको सन्धिखर्क-६ की काफल कमला रेग्मी बताउँछिन् । 'दिनमा पाँच हजारसम्म कमाइ हुन्छ', उनले भनिन् 'कहिलेकहीँ त त्योभन्दा बढी पनि हुन्छ ।' दिनभरी काफल टिपेर भोलिपल्ट बिहानै बजारमा काफल बेच्ने गरेको सन्धिखर्क-७ की बिमला मगरले बताईन् । 'बुढा कामको सिलसिलामा विदेशमा हुनुहुन्छ, यहाँ मैले काफल बेचेर घरखर्च चलाउँछु, उनले भनिन् 'बुढाको कमाइ सबै बचत गरेको छु ।'

त्यस्तै, बिहानै काफल टिपेर सन्धिखर्क-७ सुपादेउराली मन्दिर नजिक काफल बेच्न आउने गरेकी सीता रायमाझीले पनि काफल हुने सिजनमा राम्रो आम्दानी गर्ने गरेको बताइन् । एक महिनामा २० दिन काफल टिप्न जाने र १० दिन काफल बेच्ने गरेको उनले सुनाईन् । एक माना काफललाई एक सय ५० मा बेच्ने गरिएको उनले बताइन् । 'पोहोरसाल सम्म १ सयमा काफल बेच्ने गरेका थियौं', उनले भनिन्, 'अहिले १ सय ५० मा हामीले काफल बेच्ने गरेका छौं ।'

त्यस्तै सन्धिखर्कका बिष्णु नेपालीले पनि काफलबाटै घरपरिवार चलाएकी छिन् । उनले अरुले टिपेको काफललाई किनेर बिक्री गर्ने गर्छिन् । आफैं टिप्न नसक्ने भएकाले अरुले ल्याएको काफल खरिद गरेर बेच्ने गरेको उनले बताइन् ।

'आफैंले टिपेर ल्याएर अलि बढी आम्दानी त गर्न सकिन्छ, तर अरुले ल्याएको काफललाई खरिद गरेर बिक्री गर्दा पनि राम्रै हुन्छ', उनले भनिन्, 'त्यसो गर्दा पनि दैनिक २ हजार रुपैयाँसम्म कमाइ हुन्छ ।' सन्धिखर्क र राजमार्ग क्षेत्रमा काफल बेच्ने महिला धेरै छन् । सन्धिखर्क हाटबजारमा पनि काफल बेच्न महिलाहरू सक्रिय छन् । बजारमा काफलको माग अत्याधिक हुने गरेको छ । यहाँको काफल देशका ठूला सहरहरूमा बिक्रीवितरणका लागि जाने गर्छ । सुपादेउराली दर्शन गर्न आएका अधिकांश श्रद्धालु भक्तजनले काफल किनेर कोसेलीको रूपमा लैजान्छन भने अर्घाखाँचीको काफल बुटबल, काठमाडौं, पोखरासम्म कोसेलीको रूपमा यात्रा गर्नेले लौजाने गरेका छन् ।

# 'स्वनिगः' सहरमा नयाँ गन्तव्य



**काठमाडौं/मस** – नेपाली वर्ष २०८२ को पहिलो दिन स्वनिगः रिसोर्ट प्रालिले भक्तपुरको सूर्यविनायक नगरपालिकामा पर्ने गुण्डुस्थित आफ्नो जमिनलाई अत्याधुनिक पाँचतारे सम्पत्तिमा विकास गर्ने उद्देश्यले एक महत्वपूर्ण कदम चाल्दै स्थानीय समुदायका अगुवाहरूको सहभागितामा भूमि पूजा कार्यक्रम सम्पन्न गरेको छ ।

यो परियोजनामा एउटा अन्तर्राष्ट्रिय ब्राण्डको पाँचतारे होटल, टाइम-सेयर मोडेलका भिल्ला तथा विभिन्न मनोरञ्जन केन्द्रहरू समावेश हुनेछन् । उक्त प्रोपर्टी नयाँ नेपाली ब्रान्ड 'स्वनिगः' अन्तर्गत सञ्चालन हुने जनाइएको छ । स्वनिगः नेवारी शब्द हो जसको अर्थ काठमाडौं (यें), ललितपुर (यलाः) र भक्तपुर (ख्वपः) समेटिएको काठमाडौं उपत्यका हो ।

यो महत्वाकांक्षी परियोजना नेपाली संस्कृति, सम्पदा र संगीतका राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पारखी र प्रकृतिप्रेमीका लागि उत्कृष्ट गन्तव्य हुने जनाइएको छ । यो परियोजनालाई नेपाली तथा विदेशी पाहुनाका निम्ति बिलासी पर्यटकीय गन्तव्य र गुणस्तरीय तथा स्वस्थ जीवनशैलीमा जोड दिने परिपूर्ण वेलनेस सेन्टरका रुपमा विकास गरिनेछ ।

यसले विश्राम, आध्यात्मिकता, कला/संस्कृति, खेलकुद र लाइफस्टाइल अतिथि सत्कारको अद्वितीय समिश्रण प्रस्तुत गर्नेछ । यो परियोजना इम्प्लिमेन्टिङ एक्सपर्टस् ग्रुप (आईईजी) ले एस एन्ड जेजी होल्डिङ्स (अस्ट्रेलिया) सँगको संयुक्त उपक्रममा सञ्चालन गरिरहेको छ ।

अस्ट्रेलियाको एस एन्ड जेजी इन्भेस्टमेन्ट्स प्रालि प्रत्यक्ष विदेशी लगानी (एफडीआई) कम्पनी हो । यसमा विश्वव्यापी रूपमा शिक्षा, अतिथि सत्कार तथा रियल स्टेट क्षेत्रमा सक्रिय अगुवा गैरआवासीय नेपाली (एनआरएन) मध्येमा पर्ने शेष घले र जमुना घले गुरुङको स्वामित्व छ । उक्त बिलासी पाँचतारे होटल यसै वर्षको अन्त्यतिर सञ्चालनमा आउने र अतिथि सत्कार क्षेत्रमा सबैभन्दा बढी प्रत्यक्ष वैदेशिक लगानी (एफडीआई) रहेको परियोजना बन्ने अपेक्षा गरिएको छ ।



**चियाबगानमा पर्यटक** : इलामको देउमाई नगरपालिकास्थित चियाबगानमा सोमबार नयाँ वर्षको अवसर पारेर घुम्न आएका आन्तरिक पर्यटक ।
तस्बिर : टीका खतिवडा/रासस

प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१–५३२६३६६, ०१–५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), **मुद्रक:** एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**